जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ६ • २०८३ साल जेठ १२ गते मंगलबार (26 May, Tuesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५/-

## देउवा दम्पतीलाई पक्राउ नगर्न आदेश

**टुडे समाचारदाता**

काठमाण्डु । सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र पत्नी आरजु राणा देउवालाई सम्पत्ति शुद्धीकरणमा अनुसन्धान गर्नुपर्ने आधार, कारण र संलग्नता देखिने प्रमाण सरकारले पेश नगरी पक्राउ पुर्जी दिएको भन्दै पक्राउ नगर्न अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीशहरू महेश शर्मा पौडेल र नित्यानन्द पाण्डेको संयुक्त इजलासले जारी गरेको अन्तरिम आदेशमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र काठमाण्डु जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी गर्न अनुमति माग गर्दा तथा प्रदान गर्दा कानूनी व्यवस्थाको अवलम्बन नभएको उल्लेख गरिएको छ।

अदालतले कसुरको अनुसन्धानका लागि प्रचलित कानूनको अधीनमा रही विधिसम्म रूपमा पक्राउ गर्न सकिनेमा विवाद नभए पनि त्यस्तो पक्राउ स्वेच्छाचारी रूपमा हुन नहुने आदेशसमेत गरेको छ।

अदालतले सम्पत्ति शुद्धीकरणको मुद्दा हेर्ने क्षेत्राधिकार विशेष अदालतमा रहेको स्मरण गराउँदै विभागले विशेषबाट त्यस्तो अनुमति पाएको अनुसन्धान मिसिलमा नदेखिएको जनाएको छ। त्यसैले जिल्ला अदालतबाट जारी भएको देउवा दम्पतीविरुद्धको पक्राउ पुर्जी निष्क्रिय हुने सर्वोच्च अदालतको आदेशमा उल्लेख गरिएको छ।

### कांग्रेस विवादको शिकार जसपा नेपाल

# प्रतिनिधिसभा सदस्य निर्वाचनमा विदेशी शक्ति र राज्य संयन्त्रको हस्तक्षेप भएको निष्कर्ष

**टुडे समाचारदाता**

जनकपुरधाम। संघीयता कार्यान्वयन भएसंगै स्थापना भएको मधेश प्रदेशमा शासन सत्ताको प्रभुत्व रहेको जनता समाजवादी पार्टी (जसपा) नेपाल मधेश प्रदेश सरकारबाट बढारिए पछि पहिलोपटक तीनदिनसम्म बैठकगरी आगामी राजनीतिक दिशा र कार्ययोजना बनाएको छ।

जसपा नेपालले पार्टी संगठन सुदृढीकरण, निर्वाचन केन्द्रित रणनीति, जनप्रतिनिधिसँग समन्वय तथा समायोजन प्रक्रियालाई गति दिने उद्देश्यसहित महत्वपूर्ण निर्णयहरू सार्वजनिक गर्दै मधेश प्रदेश सरकारबाट नेपाली कांग्रेसको आन्तरिक विवाद र शक्ति संघर्षको कारण हटाइएको भन्दै नेताहरुले बैठकमा समीक्षा गरेका छन्।

पार्टीको केन्द्रीय कार्यालयमा तीन दिनसम्म चलेको विस्तारित बैठकबाट कांग्रेसको आन्तरिक विवाद र शक्ति संघर्षको शिकार जसपा नेपाल भएको निष्कर्ष समेत निकालेको छ। जसपा नेपाललाई मधेश प्रदेश सरकारबाट हटाउनुको कारण कांग्रेसभित्रको आन्तरिक किचलो र शक्ति संघर्ष रहेको पार्टीका केन्द्रीय नेता शैलेन्द्र कुमार साहले जानकारी दिए।




त्यस्तै सो बैठकमा नेताहरूबीच भएको छलफलका क्रममा विदेशी शक्ति र राज्य संयन्त्रको हस्तक्षेपले प्रतिनधिसभा सदस्य निर्वाचनको परिणामलाई प्रभावित पारेको निष्कर्ष समेत निकालिएको छ। पार्टीभित्र संगठनात्मक कमजोरी, स्थानीय तहसम्म प्रभावकारी समन्वयको अभाव तथा निर्वाचन परिचालनमा देखिएका समस्याहरूको समेत समीक्षा गरिएको थियो।

सो बैठकले पार्टीको आगामी राजनीतिक दिशा र कार्ययोजना स्पष्ट पार्दै संगठनलाई नयाँ ढंगले अघि बढाउने सहितका विभिन्न अन्तरक्रिया, भेला, बैठक गर्ने निर्णय गरेको जनाइएको छ।

पार्टी अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा भएको बैठकको मुख्य केन्द्रविन्दु पछिल्लो प्रतिनिधिसभा निर्वाचनमा पार्टीले भोगेको हारको कारणहरुको समीक्षा, संगठन विस्तार तथा सुदृढीकरण र आगामी निर्वाचनका लागि रणनीतिक तयारी गरिएको बताइन्छ।

नेता साहको अनुसार बैठकको प्रतिनिधिसभा सदस्यको निर्वाचन समीक्षा, संगठनात्मक कमजोरी, जनप्रतिनिधिसंगको समन्वय तथा पार्टी विस्तारका विषयमा गहन छलफल भएको थियो भने अर्कोदिन बसेको बैठकबाट कार्यदल गठन, जिम्मेवारी बाँडफाँट तथा आगामी अभियानको खाका तय गरिएको छ।

अब पार्टीलाई तल्लो तहसम्म पुनः सक्रिय बनाउने लक्ष्यसहित एक महिने संगठन विस्तार तथा सुदृढीकरण अभियान सञ्चालन गर्ने बैठकबाट निर्णय गरिएको छ। अभियान अन्तर्गत जिल्ला, प्रदेश, स्थानीय तह र वडा तहका पदाधिकारीहरू सहभागी हुने अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ। पार्टीका नीति, विचार र संगठनलाई गाउँस्तरसम्म पुनः सशक्त बनाउने उद्देश्यसहित अभियान सञ्चालन गरिने उनले बताए।

त्यस्तै आगामी निर्वाचनलाई केन्द्रमा राखेर सातै प्रदेशमा प्रतिनिधिसभा उम्मेदवारहरूको प्रदेशस्तरीय भेला आयोजना गरिने भएको छ। सो भेलाहरूमा निर्वाचनको विस्तृत समीक्षा, संगठन विस्तार, कार्यकर्ता परिचालन तथा चुनावी रणनीतिका विषयमा छलफल गरिने बताइएको छ। पार्टीले अबको निर्वाचनलाई लक्षित गरी समयमै संगठन निर्माण र जनसम्पर्क विस्तारमा जोड दिने नीति लिएको छ।

पार्टीबाट निर्वाचित जनप्रतिनिधिसंग प्रभावकारी समन्वय कायम गर्ने विषयलाई पनि प्राथमिकतामा राखिने निर्णयसमेत गरिएको छ। स्थानीय तहदेखि प्रदेशसम्म निर्वाचित जनप्रतिनिधिहरूसँग समन्वय गरी आउँदो बजेटमा जनजीविकासँग प्रत्यक्ष जोडिएका विषयलाई प्राथमिकता दिनुपर्ने निष्कर्ष निकालिएको छ। कृषि, स्वास्थ्य, शिक्षा, रोजगारी, सुशासन र पूर्वाधार विकासलाई केन्द्रमा राखेर बजेट विनियोजन गर्नुपर्ने विषयमा पार्टीभित्र छलफल भएको छ।

पार्टीले मधेश प्रदेशसहित देशरका स्थानीय तहमा जनप्रतिनिधिसंग समन्वय गर्न विभिन्न नेताहरूलाई जिम्मेवारी समेत तोकेको छ। मधेश प्रदेशका जिल्लाहरूमा संगठन परिचालन तथा जनप्रतिनिधिसंग समन्वयका लागि छुट्टाछुट्टै टोली बनाइएको छ।

सप्तरी जिल्लाको जिम्मेवारी शैलेन्द्र साह र उमेश यादव, सिरहामा सुरेश मण्डल र अशेश्वर यादव, धनुषामा दीपक कार्की र परमेश्वर साह, महोत्तरीमा सुरिता साह र जयनूल राईनलाई जिम्मेवारी दिइएको छ।

त्यस्तै सर्लाहीमा डा. सुरेन्द्र कुमार झा, रौतहटमा गोविन्द चौधरी, किशोरी यादव, पिंकी यादव र मुकेश यादवलाई जिम्मेवारी दिइएको छ। बारामा जितेन्द्र सोनल र रामकिशोर यादव तथा पर्सामा लालबाबु राउत र रमेश कुर्मीलाई पार्टी समन्वयको जिम्मेवारी दिइएको छ।

तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र जसपा नेपालबीचको एकीकरणपछि केन्द्रमा समायोजन प्रक्रिया पूरा भए पनि प्रदेश, जिल्ला, स्थानीय तह र वडा तहमा अझै समायोजन बाँकी रहेको छ। बाँकी समायोजन प्रक्रिया टुंग्याउन पाँच सदस्यीय कार्यविधि कार्यदल गठन गरिएको छ।

उक्त कार्यदलमा उमाकान्त झा, लालबाबु राउत, सुरेन्द्र झा, राजकुमार थापा र प्रकाश अधिकारी सदस्य रहेका छन्। कार्यदलले प्रदेशदेखि वडा तहसम्म संगठन समायोजनका लागि कार्यविधि तयार पारेर प्रक्रिया अघि बढाउने जिम्मेवारी दिइएको छ।

त्यस्तै विचार र सिद्धान्त मिल्ने राजनीतिक दलहरूसंग एकीकरण, समायोजन तथा चुनावी तालमेलको सम्भावना खोज्न तीन सदस्यीय सहजीकरण तथा समन्वय समिति गठन गरिएको छ। रकम चेम्जोङको नेतृत्वमा गठित समितिमा रेणु यादव र सुरेन्द्र झा सदस्य छन्। समितिले समान विचारधारा भएका दलहरूसंग संवाद, सहकार्य र राजनीतिक तालमेलका सम्भावनाबारे पहल गर्ने छ।

### मन्त्रिमण्डल विस्तारमा कचकच

# एमालेका सांसदहरु सपथग्रहण नगरी फर्किए, नेकपा देखा नै परेन

**टुडे समाचारदाता**

जनकपुरधाम ।मधेश प्रदेशको मन्त्रिमण्डल विस्तार सोमबार पनि हुन सकेन् ।सत्ता साझेदार हरुबीच मन्त्रालयको भागबण्डामा सहमति जुट्न नसकेपछि मन्त्रिमण्डल विस्तार हुन सकेन् ।

साँझ साढे ७ बजे मन्त्रीहरुको सपथग्रहण गराउन प्रदेश प्रमुख कार्यालयलाई मुख्यमन्त्री कार्यालयले जनाउ दिए लगतै तयारी गरिएको थियो ।एमालेबाट मन्त्री बन्ने सूचीमा रहेका सिरहाका मनोज सिंह, धनुषाका लखन दास र महोत्तरीकी शारदा देवी थापा सपथग्रहणका लागि तयारीसाथ प्रदेश प्रमुखको कार्यालय पुगेका थिए ।उनीहरुसँगै दलका नेता एवं पूर्व मुख्यमन्त्री सरोज कुमार यादव पनि रहेका थिए।

मुख्यमन्त्री कार्यालयले मन्त्रिमण्डल विस्तारको सूची नै प्रदेश प्रमुखलाई उपलब्ध नगराएपछि निराश भएर एमालेका नेताहरु फर्केका थिए।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र कांग्रेसबीच मन्त्रालयको विषयमा सहमति हुन सकेन् ।सत्तासाझेदार नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को असन्तुष्टिका कारण मधेशमा सरकार विस्तारमा ढिलाइ भएको छ ।नेकपाले अर्थ मन्त्रालय सहित चार मन्त्रालयमा अडान लिएपछि सोमबार दिनभरि सहमतिको लागि गरिएको प्रयास सफल हुन सकेन्।

नेकपाको असन्तुष्टिका कारण नेकपा एमालेबाट मन्त्रीको शपथ लिन बोलाइएका तीन जना सांसदहरू शपथ नै नलिई फर्के ।हुन त उनीहरु मन्त्रिमण्डलमा समावेश भएकै छैन्।

मन्त्रीका लागि एमाले दलका नेता सरोज कुमार यादवले दिएको सूची अनुसार नियुक्त र शपथ खुवाउने तयारी भएको जनाउ मुख्यमन्त्री कृष्ण प्रसाद यादवले नै दिएको थियो। मुख्यमन्त्री यादवले एमालेलाई साँझ




५ बजे बोलाएका थिए ।नेकपाबाट मन्त्री हुने युवराज भट्टराई मधेश भवनमा नै रहेका थिए।

नेकपाको असन्तुष्टिका बारेमा आइतवारदेखि नै संवाद चलिरहेको छ ।तर सहमति हुन सकेको छैन् ।एमालेका एकजना नेताका अनुसार सोमवार साँझ सत्ता साझेदार तीनदलबीच सहमतिका लागि १३ बुँदे खाका तयार भएको छ। १३ बुँदे सहमतिमा हस्ताक्षर गरेपछि मंगलवार दुई बजेतिर मन्त्रिमण्डल विस्तार र सपथग्रहण हुने बताइएको छ।

यसअघि नौ बुँदे सहमति भएको थियो। तर त्यसमा हस्ताक्षर भने भएको थिएन। त्यसैमा थपेर १३ बुँदे पुऱ्याइएको छ।

नेकपाका नेताहरुले केही बुँदाहरुमा छलफल भएको बताए पनि सहमति नजिक नपुगेको जनाएका छन् ।'मुख्यमन्त्री यादवले नेकपालाई साह्रै हेप्यो' नेकपाका एकजना सांसदले भने, हामी स्वाभिमान गुमाएर सरकारमा जाँदैनौ।

स्रोतका अनुसार मुख्यमन्त्री यादवले नेकपालाई अर्थ मन्त्रालय दिन सहमत भए पनि खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय छाड्न दबाब दिएका छन् ।नेकपाका नेताहरुले पाएको मन्त्रालय कुनै हालतमा नछाड्ने अडानमा छन् ।अर्थ मन्त्रालय थपमा चाहिएको उनीहरुले बताएका छन् ।

सत्ता साझेदारबीच सहमति नहुनुको कारण नेकपाको एउटा मन्त्रालय घटाउने मुख्यमन्त्रीको चाहना रहेको छ ।एमालेले चाहे अनुसारको चारवटा मन्त्रालय पाएका छन् ।एमालेको भागमा भौतिक पूर्वाधार विकास, शिक्षा तथा संस्कृति, श्रम तथा यातायात र खेलकुद तथा समाजकल्याण मन्त्रालय परेको छ ।एमालेबाट मन्त्री नियुक्त भएका मो.समिरले पनि विभाग पाएको छैन् ।उनी विहीवार नै मन्त्री नियुक्त भएका थिए।

पूर्व मुख्यमन्त्री समेत रहेका एमाले दलका नेता सरोज कुमार यादवले मंगलवार दिउँसो २ बजे मन्त्रीहरुको सपथग्रहण हुने बताएका छन् ।उनले सहमति जुटिसके पनि प्राविधिक प्रक्रियाहरु पूरा गर्न केहि समय लाग्ने भएकोले दिउँसो सपथग्रहणका लागि समय निर्धारण गरिएको बताए।

विगतमा पाँच सांसदमा एकजना मन्त्री हुने सहमति अनुसार नै गठबन्धनमा मन्त्रालय बाँडफाँटको कुरा छिनोफानो हुनुपर्नेमा जोड दिदै उनले भने, सत्ता गठबन्धनमा दलहरुले आवश्यकता अनुसार त्याग पनि गर्नु पर्छ।

सहमतिमा आगामी बजेटमा १ करोडभन्दा कमका योजना नराख्ने, खुला प्रतिस्पर्धा मार्फत योजना कार्यान्वयन गर्ने, मन्त्रालयको संख्या ९ वटामा सीमित गर्ने, कर्मचारी सरुवाको मापदण्ड बनाउने, कानुनअनुसार म्याद सकिएका उपभोक्ता समितिका सम्पूर्ण चिठ्ठीहरू रद्द गर्ने लगायतका विषयहरु उल्लेख छ।

यो सहमतिमा हस्ताक्षर भएपछि मंगलबार दिउँसो २ बजे एमालेबाट तीनसहित नेकपाबाट समेत अर्थमन्त्री नियुक्त गरेर शपथ ग्रहण गराउने बताइएको छ।

> सहमतिमा आगामी बजेटमा १ करोडभन्दा कमका योजना नराख्ने, खुला प्रतिस्पर्धा मार्फत योजना कार्यान्वयन गर्ने, मन्त्रालयको संख्या ९ वटामा सीमित गर्ने, कर्मचारी सरुवाको मापदण्ड बनाउने, कानुनअनुसार म्याद सकिएका उपभोक्ता समितिका सम्पूर्ण चिठ्ठीहरु रद्द गर्ने लगायतका विषयहरु उल्लेख छ ।

# भन्सार सारिएको विरोधमा चक्काजाम

**टुडे समाचारदताता**

लहान। छोटी भन्सार कार्यालय बन्द गर्ने सरकारको निर्णयविरुद्ध धनगढीमाई नगरपालिका-९ स्थित जिरोमाइल चौकमा स्थानीयवासी, व्यापारी तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले चक्काजाम गरेका छन्।

सिरहाको बरियारपट्टीस्थित छोटी भन्सार खारेजीको निर्णय फिर्ता गर्नुपर्ने माग राखेर उनीहरूले सोमवार चक्का जाम गर्दै प्रदर्शन गरेका हुन्।

नेपाल सरकारले २१ वैशाख २०८३ मा राजपत्रमा सूचना प्रकाशित गर्दै बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेपछि त्यसको विरोधमा स्थानीय आन्दोलित बनेका हुन्। यसअघि २५ वैशाखदेखि २७ वैशाखसम्म उनीहरूले चरणबद्ध




आन्दोलन गरेका थिए।

सरकारले जेठ १ गतेका दिन साविकमा रहेका १३३ वटा छोटी भन्सार कार्यालय खारेज गरी नेपाल सरकारले मात्र १८ वटामा गर्ने निर्णय गरेका थिए। छोटी भन्सार कार्यालयहरु खारेज गरी सीमित गर्दा नेपाल-भारत सीमा क्षेत्रका बासिन्दा प्रत्यक्षरूपमा मारमा परेका छन्।

एकातर्फ १ सय रुपैयाँभन्दा बढीको सामान भारतबाट ल्याउन नपाइने, अर्कातर्फ छोटी भन्सार कार्यालय पनि हटाउंदा ५० किलोमिटरसम्म टाढा रहेको मूल भन्सार कार्यालयमा जानुपर्ने बाध्यताले सीमावर्ती क्षेत्रका वासिन्दा निकै पिडीत भएका छन्। साबिकको छोटी भन्सार कार्यालयहरु खारेज मात्र १८ वटामा गरेको कुराका सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी -रास्वपा) नेपालकै सांसदहरुले विरोध जनाउँदै आएका छन्।

मधेश प्रदेशमा सबभन्दा बढी ४९ वटा छोटी भन्सार रहेकामा हाल ती सबै खारेज भई ९ वटामा सिमित भएको छ। मधेशको धनुषा जिल्लामा जनकपुर भन्सार कार्यालय अन्तर्गत लगमा र ईनर्वा, महोत्तरीको जलेश्वर भन्सार कार्यालय अन्तर्गत सम्सी र मटिहानी, सर्लाही भन्सार कार्यालय अन्तर्गत त्रिभुवन नगर, रौतहटको गौर भन्सार कार्यालय अन्तर्गत बंकुल, वीरगञ्ज भन्सार कार्यालय अन्तर्गत भिस्वा, मटिअर्वा र ठोरी मात्र कायम गरिएको छ।



# विद्यालय खोल्नेमा शिक्षकको आपत्ति

**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिकाले साविककै व्यवस्था अनुसार आइतबार पनि विद्यालय सञ्चालन गर्ने गरेको निर्णयविरुद्ध स्थानीय शिक्षकहरूले गम्भीर आपत्ति जनाएका छन् । उनीहरुले आपति जनाउँदै नगरपालिकामा ज्ञापन पत्र बुझाएका छन् ।

संघीय सरकार र स्थानीय तहको निर्णय बाझिँदा शैक्षिक क्षेत्रमा अन्योल सिर्जना भएको भन्दै सुबलाल भागवत माध्यमिक विद्यालयका शिक्षकहरूले नगर कार्यपालिकाको कार्यालयलाई ज्ञापनपत्र बुझाएका हो ।




संघीय सरकारको मन्त्रीस्तरीय निर्णय अनुसार शैक्षिक सत्र २०८३ देखि देशभरका सामुदायिक तथा संस्थागत विद्यालयमा हप्ताको दुई दिन शनिबार-आइतबार बिदा दिने व्यवस्था गरिएको थियो । सोही निर्णय कार्यान्वयनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले समेत परिपत्र जारी गरिसकेको छ ।

तर चन्द्रपुर नगरपालिकाले गत जेठ ४ गते सूचना जारी गर्दै पुरानै व्यवस्था कायम राखी आइतबार पनि विद्यालय सञ्चालन गर्न निर्देशन दिएपछि शिक्षकहरू असन्तुष्ट बनेको छ । शिक्षकहरू संघीय सरकारको निर्णय विपरीत स्थानीय तहबाट फरक निर्णय आउँदा विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी तथा अभिभावक माझ अन्योल र असहज अवस्था सिर्जना भएको बताए । उनीहरूले शैक्षिक नीतिमा एकरूपता कायम गर्न तथा संघीय सरकारको निर्णय कार्यान्वयन गर्न नगरपालिकासँग माग गरे ।

ज्ञापनपत्र मार्फत शिक्षकहरूले शिक्षण सिकाइको वातावरणलाई थप व्यवस्थित बनाउन स्पष्ट नीति आवश्यक रहेको उल्लेख गर्दै विद्यार्थी तथा शिक्षकको हितलाई केन्द्रमा राखेर निर्णय लिन आग्रह गरेका छन् ।

# सुत्केरी तथा गर्भवतीलाई पोषण सामग्री वितरण



सिरहा । मातृ तथा नवजात शिशुको स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले यहाँको लहान नगरपालिकाका १२५ जना सुत्केरी र गर्भवतीलाई पोषण प्याकेज वितरण गरिएको छ । नगरप्रमुख महेशप्रसाद चौधरीले स्वास्थ्य चौकी ढोडनामा आज एक कार्यक्रमका बीच उक्त सामग्री वितरण गर्नुभएको हो ।

नगरपालिकाले विगत चार वर्षदेखि प्रत्येक महिनामा फरक-फरक वडामा पुगेर यस्ता पोषण प्याकेज वितरण गर्दै आएको छ । पोषण प्याकेजमा चामल, दाल, नुन, तेल, चनालगायत खाद्यान्न सामग्रीका साथै वर्षायाममा लामखुट्टेको प्रकोप बढी हुने भएकाले डेङ्गीलगायत रोगबाट बच्न झुल समेत प्रदान गरिएको हो ।

नगरप्रमुख चौधरीले भन्नुभयो, "गर्भवती र सुत्केरीको स्वास्थ्य सुनिश्चित गर्नु हाम्रो प्रमुख प्राथमिकता हो । यस्ता कार्यक्रमले सचेतना दिनुकको साथै उनीहरूको पोषणस्तर सुधार तथा स्वास्थ्य सेवामा पहुँच सहज बनाउने हाम्रो उद्देश्य हो । आगामी दिनमा यसलाई अझ प्रभावकारी ढङ्गले विस्तार गरिनेछ ।"

स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीका अनुसार, पोषण प्याकेज नियमित स्वास्थ्य परीक्षण गराउने महिलालाई लक्षित गरेर वितरण गरिएको हो ।

उहाँले थप जानकारी दिँदै भन्नुभयो, "नियमित जाँचमा सहभागी हुने महिलाको संख्या पछिल्लो समय उल्लेखनीय रूपमा बढेको छ ।"

महिला स्वास्थ्य स्वयंसेविकाले वडामा रहेका गर्भवती र सुत्केरीको प्रारम्भिक तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा सेवाको सहजीकरणमा महत्वपूर्ण भूमिका खेलेको उहाँले उल्लेख गर्नुभयो । रासस

# ठक्करबाट पैदलयात्रीको मृत्यु

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको सदरमुकाम जलेश्वरमा सोमबार बिहान बसको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा जलेश्वर नगरपालिका-६ साहुजी टोल बस्ने ७५ वर्षीय चन्देश्वर साह रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी निरीक्षक विश्वम्भरनाथ साहका अनुसार जलेश्वरबाट मतिहानीतर्फ गइरहेको ना ४ ख ४७५८ नम्बरको बसले जलेश्वर नगरपालिका-२ स्थित मतिहानी चोकमा सोमबार बिहान पैदलयात्री साहलाई ठक्कर दिएको थियो।

बसको ठक्करबाट साहको हात र टाउको लगायतका अङ्गमा अत्यधिक चोट लागेको थियो। अवस्था गम्भीर रहेका उहाँलाई तत्कालै उपचारका लागि प्रादेशिक अस्पताल जलेश्वर पुऱ्याइएको थियो ।

प्रादेशिक अस्पताल जलेश्वरमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि जनकपुर लैजाने क्रममा बाटोमै उनको मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्कर दिने बस र त्यसका चालकलाई प्रहरीले नियन्त्रणमा लिइसकेको छ भने मृतकको शवलाई शव परीक्षण (पोस्टमार्टम) का लागि पुनः प्रादेशिक अस्पताल जलेश्वर पठाइएको जनाइएको छ ।

# जिप्रकामा कुलर जडान

**टुडे समाचारदाता**

रौतहट । बढ्दो गर्मीका कारण सरकारी सेवा लिन आउने सर्वसाधारण नागरिकलाई कठिनाइ हुन थालेपछि जिल्ला प्रशासन कार्यालय रौतहटले कार्यालय परिसरमा ठूलो क्षमताको कुलर जडान गरेको छ ।

पछिल्ला केही सातायता रौतहटसहित मधेश प्रदेशका जिल्लाहरूमा अत्यधिक गर्मी बढेपछि विभिन्न प्रशासनिक सेवा लिन आउने सेवाग्राहीहरू घण्टौंसम्म लाइनमा बस्न बाध्य हुँदै आएका थिए । चर्को घाम र तातो हावाका कारण कार्यालय परिसरमा बस्नसमेत समस्या हुन थालेपछि प्रशासनले तत्काल राहत दिने उद्देश्यले कुलर जडान गरेको जनाएको छ । प्रमुख जिल्ला अधिकारी दिनेश



सागर भुसालको निर्देशनमा कार्यालयको प्रतीक्षालय क्षेत्रमा ठूलो साइजको कुलर राखिएको हो । कुलर सञ्चालनमा आएपछि सेवाग्राहीहरूले गर्मीबाट केही राहत महसुस गर्न थालेका छन् । विशेषगरी नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, सिफारिस लगायतका सेवा लिन दैनिक सयौं नागरिक जिल्ला प्रशासन कार्यालय पुग्ने गरेका छन् । गर्मीका बीच चिसो हावा र पिउने पानीको व्यवस्थाले लामो समय पालो कुर्नुपर्ने बाध्यतामा केही सहजता आएको सेवाग्राहीहरूको भनाइ छ ।

कार्यालयमा सेवा लिन आएका नागरिकहरूले प्रशासनको यस पहललाई सकारात्मक र मानवीय कार्यका रूपमा लिएका छन् । प्रत्येक वर्ष मधेश प्रदेशमा गर्मीको प्रभाव बढ्दै जाँदा सरकारी कार्यालयहरूमा सेवाग्राहीले सास्ती खेप्ने गरेका बेला जिल्ला प्रशासन कार्यालय रौतहटको यो कदमलाई नागरिकमैत्री प्रयासका रूपमा हेरिएको छ ।

जिल्ला प्रशासन कार्यालय रौतहटले आगामी दिनमा पनि सेवा प्रवाहलाई थप व्यवस्थित, सहज तथा नागरिकमैत्री बनाउँदै लैजाने जनाएको छ ।

# गरिमा कर्मचारीलाई एएमएल/सीएफटी प्रशिक्षण

**टुडे समाचारदाता**

जनकपुरधाम । गरिमा क्यापिटल लिमिटेडले बैंकले आफ्ना कर्मचारीहरूका लागि सम्पत्ति शुद्धीकरण निवारण -एमएमल) र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (सीएफटी सम्बन्धी एक दिने अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

एएमएल नेपाल प्रा.लि.को सहजीकरणमा आयोजित उक्त प्रशिक्षण पूँजी बजार तथा मर्चेन्ट बैंकिङ क्षेत्रमा बढ्दो वित्तीय जोखिम न्यूनीकरण गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी मापदण्डहरूको प्रभावकारी पालना सुनिश्चित गर्ने उद्देश्यले प्रशिक्षण आयोजना गरिएको कम्पनीले उल्लेख गरेको छ ।

प्रशिक्षणमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४, सेक्युरिटिज बोर्ड अफ नेपाल तथा नेपाल राष्ट्र बैंकद्वारा जारी नवीनतम निर्देशिकाहरू, शंकास्पद कारोबार पहिचान गर्ने प्रक्रिया तथा संस्थागत सुशासनका विविध विषयमा जानकारी प्रदान गरिएको थियो।

एएमएल नेपालका वरिष्ठ अनुपालन विज्ञहरूले ग्राहक पहिचान (ऋथऋ) सम्बन्धी नियम, कानुनी दायित्व तथा ऐन उल्लंघन गर्दा हुने कारबाहीका



विषयमा वास्तविक घटनाक्रम र प्रयोगात्मक अभ्यासमार्फत प्रशिक्षण दिएका थिए । कार्यक्रमको अन्तिम अन्तरक्रियात्मक सत्रमा सहभागी कर्मचारीहरूले दैनिक कार्यसम्पादनका क्रममा आउने व्यावहारिक चुनौती र तिनका कानुनी तथा प्राविधिक समाधानबारे छलफल गरिएको थियो ।

गरिमा क्यापिटलले पारदर्शिता, संस्थागत सुशासन तथा सुरक्षित लगानी वातावरण कायम राख्न आफू सदैव प्रतिबद्ध रहेको जनाएको छ । साथै, कार्यक्रम सफल बनाउन सहयोग गरेको एएमएल नेपालप्रति कम्पनीले आभार व्यक्त गरेको छ ।


# अवैध सामान बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । लुकाई छिपाई राखिएको विभिन्न अवैध मालसामान धनुषाको धनौजी गाउँपालिका ४ तरहीबाट सशस्त्र प्रहरी बल र भन्सार कार्यालयको संयुक्त टोलीले बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा सशस्त्र प्रहरी बल तथा भन्सार कार्यालयको टोलीले उक्त क्षेत्रमा अनुगमन तथा खोजतलास गर्दा विभिन्न प्रकारका मालसामान फेला परेको जनाएको छ । बरामद सामग्रीहरू अवैध रूपमा भण्डारण गरिएको अवस्थामा भेटिएको प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरीले जनाएको छ ।

बरामद गरिएका सामानहरूको यकिन विवरण, परिमाण तथा मूल्याङ्कन गर्ने प्रक्रिया जारी रहेको सम्बन्धित निकायले जनाएको छ । बरामद सामग्री आवश्यक



कानुनी प्रक्रिया पूरा गरी भन्सार कार्यालयमा बुझाइने तयारी गरिएको बताइएको छ ।

सीमावर्ती क्षेत्रमा पछिल्लो समय चोरी पैठारी तथा अवैध कारोवार बढ्न थालेपछि सुरक्षा निकायले निगरानी थप कडा बनाएको जनाएको छ । सशस्त्र प्रहरी र भन्सार कार्यालयले संयुक्त रूपमा नियमित गस्ती, अनुगमन तथा सूचना संकलनलाई प्रभावकारी बनाउँदै अवैध गतिविधि नियन्त्रण अभियानलाई तीव्रता दिएको बताएका छन् ।

## एमाले केन्द्रीय सदस्यको कार्यविभाजनः
# अध्यक्ष र महासचिवले अन्तिमरूप दिने



भक्तपुर । नेकपा (एमाले) को केन्द्रीय सदस्यहरूको कार्यविभाजनको प्रस्तावलाई अन्तिमरूप दिन अध्यक्ष केपी शर्मा ओली र महासचिव शङ्कर पोखरेललाई जिम्मेवारी दिइएको छ । एमालेले आगामी वर्ष हुने स्थानीय तहको निर्वाचनसमेतलाई ध्यान दिएर केन्द्रीय सदस्यलाई सथानीय तहकेन्द्रित र जनसङ्गठनको इञ्चार्जको जिम्मेवारी दिएको छ ।

एमालेका अध्यक्ष ओलीको निवास भक्तपुरको गुण्डुमा सम्पन्न सचिवालय बैठकमा प्रस्तुत सो प्रस्तावमाथि आएका सुझावलाई ध्यान दिएर महासचिव पोखरेलले अध्यक्षको परामर्शमा आवश्यक परिमार्जन गर्ने र अध्यक्षले अन्तिमरूप दिई सर्कुलर पठाउने निर्णय भएको उपमहासचिव लेखराज भट्टले जानकारी दिनुभयो । तीन दिनसम्म चलेको बैठकको अन्तिम दिन अध्यक्ष ओलीले सम्बोधन गर्दे पार्टीमा एकता कायम राख्न आग्रह गर्नुभएको थियो ।

बैठकले पार्टी पुनर्गठन र प्रतिनिधिसभा निर्वाचनको समीक्षालगायतका विषयमा थप अध्ययन गरी एक महिनाभित्र सुझाव दिन पार्टीका उपाध्यक्ष रामबहादुर थापा संयोजकत्वमा कार्यदल गठन गर्ने निर्णय गरेको भट्टले जानकारी दिनुभयो । समितिमा उपाध्यक्षहरू विष्णुप्रसाद पौडेल र पृथ्वीसुब्बा गुरुङ, महासचिव पोखरेल, उपमहासचिव भट्ट, सचिवहरू छविराज विश्वकर्मा, पद्मा अर्याल, भानुभक्त ढकाल र आठ प्रदेशका इञ्चार्ज रहने निर्णय भएको नेता भट्टले बतउनुभयो ।

विसं २०७२ को भूकम्पबाट पार्टी कार्यालय भवन क्षतिग्रस्त भएपछि विभिन्न ठाउँमा कार्यालय सञ्चालन गर्द आएकामा सचिवालय बैठकले मदननगर बल्खुस्थित आफ्नै जग्गामा पार्टीको केन्द्रीय कार्यालय भवन निर्माण गर्ने निर्णय गरेको उपमहासचिव भट्टले जानकारी दिनुभयो । सो पार्टीको केन्द्रीय कमिटीको बैठक आउँदो असार दोश्रो साता बस्ने तय भएको छ । रासस

# उत्कृष्ट खेलाडीहरुलाई नगदसहित सम्मान

**रञ्जन यादव**

बारा । बारामा आयोजित जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिताको उपाधि जित्न सफल जीतपुरसिमरा उपमहानगरपालिकाले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरुलाई नगदसहित सम्मान गरेको छ ।

जिल्ला खेलकुद समिति बाराको आयोजनामा सम्पन्न प्रतियोगितामा सहभागी भएका उपमहानगरपालिकाका ८६ जना विद्यार्थी खेलाडीमध्ये ७६ जनाले



विभिन्न विधामा पदक जित्न सफल भएका थिए । उत्कृष्ट प्रदर्शन गर्दै जीतपुरसिमराले समग्रमा प्रथम स्थान हासिल गरेको हो ।

उपमहानगरपालिकाको युवा, शिक्षा तथा खेलकुद महाशाखाका प्रमुख शिवजी प्रसादका अनुसार स्वर्ण पदक विजेता विद्यार्थीहरुलाई जनही १ हजार ५ सय रुपैयाँ, रजत पदक विजेतालाई जनही १ हजार रुपैयाँ तथा कास्य पदक विजेतालाई जनही ५ सय रुपैयाँका दरले नगद पुरस्कार प्रदान गरिएको छ ।प्रतियोगितामा जीतपुरसिमरा उपमहानगरपालिकाका खेलाडीहरुले २० स्वर्ण, २० रजत र १० कास्यसहित कुल ५० पदक जित्दै जिल्लाभर उत्कृष्ट नतिजा हासिल गरेका थिए ।

प्रतियोगितामा जिल्लाका ६ वटा स्थानीय तहको सहभागिता रहेको थियो । जसमा निजगढ नगरपालिका दोस्रो तथा कलैया उपमहानगरपालिका तेस्रो स्थानमा रहेका थिए।

सम्मान कार्यक्रममा नगर प्रमुख राजन पौडेल ले खेलाडीहरुको मेहनत, अनुशासन र उत्कृष्ट प्रदर्शनले उपमहानगरपालिकाको गौरव बढाएको बताए ।

जीतपुरसिमरा उपमहानगरपालिकाले यसअघि पनि दुई पटक जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको उपाधि जितिसकेको छ । लगातार उत्कृष्ट नतिजा हासिल गर्दै आएको उपमहानगरपालिकाले जिल्लामा खेलकुद विकास र विद्यार्थी खेलाडी उत्पादनमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

## ज्योतिष-मार्गदर्शन




प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | शैक्षिक तथा बौद्धिक क्रियाकलापमा सफलता मिल्ने समय रहेको छ । |
| वृष : | पारिवारिक र सामाजिक सम्बन्धमा असमझदारी बढ्न सक्ने समय छ । |
| मिथुन : | दाजुभाई तथा नजिकका साथीहरुको समर्थन प्राप्त हुनेछ । |
| कर्कट : | अध्ययनमा लगाव बढ्नेछ र विद्यार्थीहरुले मनग्ये प्रगति गर्न सक्छन् । |
| सिंह : | आर्थिक लाभ तथा पारिवारिक सुन्तष्टिका लाभ अनुकूल समय हो । |
| कन्या : | दैनिक जीवनमा चाप तथा खर्चको वृद्धि हुन सक्छ । |
| तुला : | पछिल्लो समयका प्रयासहरुबाट लाभ प्राप्त हुन सक्छ । |
| वृश्चिक : | नयाँ योजना प्रारम्भ गर्न अनुकूल समयछ। |
| धनु : | धार्मिक र सामाजिक कार्यमा सहभागी हुने अवसर प्राप्त हुनेछ । |
| मकर : | सावधानीपूर्वक अघि बढ्नु पर्ने समय हो। |
| कुम्भः | पेशागत यात्राको सम्भावना छ, जसबाट आर्थिक फाइदा हुनसक्छ । |
| मीनः | नयाँ योजन, लगानी वा व्यवसायको प्रारम्भ गर्न अनुकूल दिन हो । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# 'गरिबलाई गरिखाने वातावरण बनाउने गरी नीति कार्यक्रम ल्याइने'



बागमती । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेश सरकारको आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट गरिबलाई गरिखाने वातावरण बनाउने किसिमको ल्याइने बताउनुभएको छ ।

सोमबारदेखि शुरु भएको बागमती प्रदेशसभाको वर्षे अधिवेशनमा मुख्यमन्त्री बानियाँले गणतन्त्र गरिबको व्यवस्था भएकाले गरिबलाई गरिखाने किसिमको नीति, कार्यक्रम र बजेट ल्याउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो । प्रदेश सरकारले गरिब, किसानको पक्षमा आगामी आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम र बजेट ल्याउने उल्लेख गर्दै उहाँले कुनै दलको नभई सबै राजनीति दलको साझा नीति, कार्यक्रम र बजेट आउने बताउनुभयो ।

प्रदेश सरकारका शिक्षा, स्वास्थ्य, सडक पूर्वाधार, खानेपानीसम्बन्धी गौरवका आयोजनालाई आगामी वर्षमा प्राथमिकता दिने भन्दै मुख्यमन्त्री बानियाँले सुशासन प्रवर्द्धनका लागि प्रदेश सरकारले ठोस चालेको बताउनुभयो । प्रदेश सरकार सहमति, सहकार्य र सहअस्तित्वको आधारमा सङ्घीय सरकार र स्थानीय सरकारसँग सहकार्य गरेर अघि बढ्न प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले सङ्घीय सरकारले प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय गरेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

सङ्घीय संसद्का सांसदहरूका स्वकीयहरुको सुविधा कटौती नहुने तर प्रदेशसभाका सांसदहरूको स्वकीय सुविधा कटौती हुनु विभेद भएको टिप्पणी गर्नुहुँदै मुख्यमन्त्री बानियाँले सङ्घीय सांसदको सुविधा कायम रहे प्रदेश सांसदको स्वकीय सुविधा कायम गर्नुपर्ने बताउनुभयो ।

पूर्वमुख्यमन्त्री तथा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश संसदीय दलका नेता शालिकराम जम्कट्टेलले आफ्नो नेतृत्वको सरकारले अघि बढाएको प्रदेश गौरवका आयोजनालाई निरन्तरता दिनुपर्ने बताउनुभयो । उहाँले जनताको आवश्यकताअनुसार नीति, कार्यक्रम र बजेट ल्याउन सुझाव दिनुभयो । प्रदेशसभाको सभामुख रिक्त भएको लामो समयसम्म चयन हुन नसकेकाले उहाँले तत्काल चयन प्रक्रिया अघि बढाउन माग गर्नुभयो ।

प्रदेशसभा बैठकमा नेपाली कांग्रेसका उपनेता रामकृष्ण चित्रकार, प्रदेशमा नेपाल कम्युनिष्ट पार्टी एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया, राष्ट्रिय प्रजातन्त्र पार्टीका भुवनकुमार पाठक, नेपाल मजदुर किसान पार्टीका संसदीय दलका नेता सुरेन्द्रराज गोसाईं, हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्यले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

यस्तै आजको प्रदेशसभा बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) को प्रस्ताव प्रस्तुत गर्नुभयो । प्रदेशसभाको अर्को बैठक यही जेठ १२ गते बिहान ११:०० बजे बस्नेछ । रासस

# 'एलिफेन्ट्स इन द फग' का समूहलाई नेपालमा

काठमाण्डु । विश्वप्रसिद्ध चलचित्र महोत्सव 'कान्स चलचित्र महोत्सव २०२६' मा सहभागी भएको चलचित्र 'एलिफेन्ट्स इन द फग' का कलाकार तथा निर्माण समूहलाई नेपालमा स्वागत गरिएको छ ।

उक्त चलचित्र महोत्सवमा 'अन सर्टेन रिगार्ड विधा' मा छनोट भएर पहिलो प्रदर्शनी (विश्व प्रिमियर) भएको नेपाली चलचित्र ' एलिफेन्ट्स इन द फग' ले सोही विधामा निर्णायक पुरस्कार (जुरी अवार्ड) जित्न सफल भएको छ ।

फ्रान्समा सम्पन्न उक्त चलचित्र महोत्सवमा सहभागी भएर नेपाल फर्किनुभएका निर्देशक अविनाशविक्रम शाह, निर्माता अनुप पौडेल र कलाकार पुष्पा थिङ लामालाई सूचना तथा सञ्चारमन्त्री विक्रम तिमिल्सिना, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेल, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थपलियाले बधाई दिँदै त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा स्वागत गर्नुभएको हो ।




प्राप्त अन्तरराष्ट्रिय सम्मानले नेपाली चलचित्रको कथ्य, शिल्प र प्राविधिक सम्भावनालाई विश्वसामु थप स्पष्ट बनाएको सञ्चारमन्त्री विक्रम तिमिल्सिनाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाली कलाकर्मीले विश्व प्रख्यात चलचित्र महोत्सवमा सहभागी जनाउँदै अन्तरराष्ट्रिय उपलब्धिसहित नेपाल फर्किनु हाम्रो लागि सुखद पक्ष हो । हाम्रो कला, संस्कृतिसँगै प्राकृतिकस्थलको प्रचारका लागि पनि चलचित्र निकै महत्वपूर्ण छ । त्यसैले हामीले यस क्षेत्रको हितमा हुने कामहरूलाई अगाडि बढाई रहेका छौँ । हामीले कला र संस्कृतिका क्षेत्रमा सक्दो काम गर्ने योजना बनाएका छौँ ।"

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेल नेपाली चलचित्र र नेपाली संस्कृतिलाई अन्तरराष्ट्रिय मञ्चमा गौरव गर्ने अवसर प्रदान गरेको बताउँदै चलचित्रकर्मीलाई बधाई दिनुभयो ।

उहाँले भन्नुभयो, "चलचित्रकर्मीहरू मुलुकका अवैतनिक सांस्कृतिकदूत हुनुहुन्छ । चलचित्रले अन्तरराष्ट्रिय मञ्चमा आफूलाई प्रस्तुत गरेर पुरस्कृत हुँदै गर्दा त्यो उपलब्धि उक्त चलचित्रकर्मीसँगै देशको हुन्छ, त्यसकारण हामी बधाई दिन उपस्थित भएका छौँ ।"

उक्त कार्यक्रममा चलचित्र 'एलिफेन्ट्स इन द फग' का निर्देशक अविनाशविक्रम शाहले चलचित्र निर्माण गर्दा अप्ठ्यारो भएता पनि देशमा पाएको सम्मानले आफूसहित सम्पूर्ण निर्माण समूह प्रोत्साहित भएको बताउनुभयो ।

"यस किसिमको सम्मानले हामी चलचित्रकर्मीलाई प्रोत्साहन मिल्छ, म पनि प्रोत्साहित भएको छु । अब छिट्टै अर्को चलचित्र निर्माण गर्नेछु", निर्देशक शाहले भन्नुभयो ।

उक्त कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले बोर्डले यसै साता सम्मान कार्यक्रम आयोजना गरी उक्त चलचित्रलाई रु दुई लाख ५० हजारसहित सम्मान गर्ने जानकारी दिनुभयो । उहाँले चलचित्र 'एलिफेन्ट्स इन द फग' को उपलब्धिले नेपाली चलचित्रलाई अन्तरराष्ट्रिय मञ्चमा नयाँ आत्मविश्वास दिएको बताउनुभयो । रासस

## मन्त्रिपरिषद् बैठक: क्यानको महानिर्देशकमा डङ्गोल



काठमाण्डु । सरकारले नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) को महानिर्देशकमा सहसचिव मुकेश डङ्गोललाई नियुक्त गरेको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव डङ्गोललाई क्यानको महानिर्देशक पदमा नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो ।

मन्त्रिपरिषद् बैठकले सहकारीमा भएको बेथिति जाँचबुझ आयोग, २०८२ को प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेको छ । यस्तै बैठकले आर्थिक वर्ष २०८३/८४ का लागि वर्षे धान बालीको न्यूनतम समर्थन मूल्य निर्धारण गर्दै मोटा धानको प्रति क्विन्टल रु तीन हजार ६६० र मध्यम धानको मूल्य प्रतिक्विन्टल रु तीन हजार ८६० तोकेको छ ।

मन्त्रिपरिषद् बैठकले नेपाल-चीन जोड्ने विद्युत् प्रसारण लाइन आयोजना (चिलिमे-केरुङ) को कार्यान्वयनका लागि चीन सरकारलाई पठाउने प्रतिउत्तर पत्र 'लेटर अफ रिप्लाइङ' स्वीकृत गर्ने निर्णय गरेको मन्त्री पोखरेलले बताउनुभयो । रासस

# समुदायलाई अग्नि नियन्त्रण प्रशिक्षण

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोटमा अचानक हुने आगलागीको घटना नियन्त्रणसम्बन्धी प्रशिक्षण दिइएको छ । सशस्त्र प्रहरी बल नम्बर ३१ गुल्म हेडक्वाटर नवलपुरबाट खटिएको विपद् व्यवस्थापन टोलीले कावासोती नगरपालिकाका सरोकारवालाहरूलाई आगलागी नियन्त्रणसम्बन्धी अभ्यास गराएको हो ।



तालिमका प्रमुख प्रशिक्षक सशस्त्र प्रहरी बल नम्बर ३१ गुल्म हेडक्वाटर नवलपुरका प्रहरी निरीक्षक रामचन्द्र खड्काले घरमा हुने सिलिन्डर ग्यासको आगलागी, मानिसको शरीरमा लागेको आगो तथा घरमा लागेको आगो नियन्त्रणबारे प्रशिक्षण दिनुभएको थियो ।

बिहीबारदेखि सुरु भएको 'समुदायमा आधारित विपद् प्रतिकार्य तथा खोज उद्धार' कार्यक्रमअन्तर्गत आइतबार सहभागीहरूलाई प्रयोगात्मक अभ्यास गराइएको हो । अभ्यासका क्रममा सहभागीहरूलाई एलपी ग्यासको सिलिन्डरमा लागेको आगो नियन्त्रणबारे विभिन्न उपाय तथा घरमा लागेको आगो नियन्त्रणको उपायहरू सिकाइएको थियो ।

प्रमुख प्रशिक्षक खड्काले ग्यासको आगो पानी हालेर नियन्त्रण नहुने भन्दै नियन्त्रण विधि जानकारी गराउनुभएको थियो । एलपी ग्यासमा भएको आगलानी नियन्त्रणका लागि चिसो कम्मल, रुमाल, कुचोको प्रयोग गर्न सकिने भन्दै खड्काले सिलिन्डर लिकेज भएको ठाउँमा सावधानीपूर्वक हातको औँलाले थुनेमा पनि आगलागी नियन्त्रणमा आउने बताउनुभयो ।

त्यस्तै, आगो लागिरहेको अवस्थामा सिलिन्डरलाई सावधानीपूर्वक बाल्टिनले ढाकेर पनि सिलिन्डर लिक भएर लागेको आगो नियन्त्रणमा लिन सकिने उहाँको भनाइ थियो ।

उहाँले विपद् धेरै प्रकारको हुने भन्दै यसको प्रकृति हेरेर उद्धारको तयारीमा जुट्नुपर्ने सुझाव दिनुभयो । खड्काले विपद् व्यवस्थापनको पूर्वतयारीस्वरुप जनचेतना तालिम दिँदै विपद् प्रतिकार्य सीपहरू सिक्नुपर्ने बताउनुभयो । विपद्बाट हुने क्षतिको न्यूनीकरणका लागि विपद् हुनेबित्तिकै सुरुमा आपत्कालीन सेवालाई सूचना दिनुपर्ने र अन्य कार्यहरू अगाडि बढाउनुपर्ने खड्काको भनाइ छ ।

"नेपाल जलवायु परिवर्तनको जोखिम, भूकम्पको जोखिम, मनसुनजन्य जोखिम उच्च भएको मुलुक भएकाले विपद् जुनसुकै बेला जुनसुकै ठाउँमा पनि आउन सक्छ," खड्काले भन्नुभयो, "विपद्को पूर्वतयारी गर्दै विपद् बारे जनचेतना जगाउने अभियान, त्यसैगरी तालिम सेमिनारहरू गरेर हामी पूर्वतयारीमा बस्नुपर्दछ ।" विपद्को पूर्वतयारीमा समुदायका व्यक्तिले विभिन्न मानवीय सीपहरू, विपद् प्रतिकार गर्ने विभिन्न सीपहरू सिक्नुपर्ने उहाँको भनाइ छ । "त्यसैगरी हामीले विपद् आइपर्ने बित्तिकै कुनै पनि विपद्मा हामीले सुरुमा गर्नुपर्ने भने चाहिँ आपत्कालीन सेवाहरूलाई सूचना दिनुपर्ने तथा खबर गर्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो ।

समुदायमा सबैसँग प्राथमिक उपचारका सामग्रीहरू हुनुपर्ने भन्दै खड्काले त्यो सम्बन्धी तालिम लिएको दक्ष व्यक्ति पनि हुनुपर्ने बताउनुभयो । विपद्को समयमा आवश्यक पर्ने आपत्कालीन सामग्रीहरूमध्ये टर्चलाइट, बजाउने सिट्टी, सुरक्षा निकायका सम्पर्क नम्बरहरू तथा अत्यावश्यक वस्तुहरू राखिएको झटपट झोला तयारी अवस्थामा राख्नुपर्ने उहाँको भनाइ छ । झटपट झोला चाहिँ विशेष गरी भूकम्पको समयमा बढी प्रयोगमा आउने खड्काले बताउनुभयो ।

त्यसैगरी, कुनै पनि विपद् हुनुभन्दा अगाडि नै जोखिमयुक्त स्थान नक्साङ्कन गरेर त्यो आधारमा विपद्सम्बन्धी पूर्वयोजनाहरू बनाउनुपर्ने भन्दै खड्काले यसैको आधारमा तयारी पनि हुनुपर्नेमा जोड दिनुभयो ।

यदि विपद् भइहाल्यो भने वैकल्पिक सुरक्षित स्थान कहाँ हो भन्नेबारे पहिल्यै तोकिएको हुनुपर्ने उहाँको भनाइ छ ।

विपद्मा उद्धारका लागि लागि सक्षम व्यक्तिले मात्रै सहयोग गर्नुपर्ने भन्दै उहाँले कुनै पनि विपद्मा हाम्रो धैर्यता एकदमै अनिवार्य हुनुपर्नेमा जोड दिँदै भन्नुभयो, "हामीले धैर्यता गुमायौँ भने मानिस धेरै आत्तिएर ठूलो क्षति हुने सम्भावना पनि रहन्छ, विपद्मा यी विषयहरूलाई ध्यान दिनुपर्दछ ।"

खड्काले सबै आगो पानीबाट ननिभ्ने भन्दै कस्ता प्रकारका आगो कसरी निभाउने भन्ने बारेमा सबै सचेत हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "दाउराको आगोहरू सामान्यतया पानीले निभ्छन् तर, ग्यासको आगोलाई पानीले निभाउन सक्दैन त्यसका लागि ग्यासको आगो निभाउने उपकरण प्रयोग गर्नुपर्ने हुन्छ ।" सानोतिनो आगो फायर इक्स्टिङ्गुइसनले निभाउने भए पनि ठूला आगोहरू त्यसबाट मात्रै ननिभ्ने भएकाले सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

कारितास नेपालका वरिष्ठ जिल्ला अधिकृत सुजन गौलीले संस्थाले विभिन्न पालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्दै समुदायलाई त्यसबारे प्रशिक्षण दिँदै आएको बताउनुभयो ।

कावासोती नगरपालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरिएको भन्दै गौलीले पालिकाको १७ वटै वडाका विपद् व्यवस्थापन समितिका सदस्य तथा सामुदायिक वन, विद्यालय, युवा क्लब, स्वास्थ्य संस्था, सामुदायिक प्रहरी र नगरप्रहरीहरूलाई विपद् व्यवस्थापन तालिम प्रदान गरिएको बताउनुभयो । चार दिनसम्म सञ्चालन भएको यस कार्यक्रममा सहभागीहरूलाई प्राथमिक उपचारको तरिका, जलमा गरिने उद्धार तथा आगलागी र नियन्त्रण अभ्यासबारे प्रशिक्षण दिइएको गौलीको भनाइ छ ।

तालिम समापनका क्रममा नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले विपद् व्यवस्थापन सरकारको प्राथमिकतामा रहेको बताउनुभयो । उहाँले विपद् व्यवस्थापनका लागि विभिन्न निकाय तथा सङ्घसंस्था र सरोकारवालाले पनि यस्तो कार्यक्रममा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । रासस

# तीन सय ३८ स्थानीय तहबाट भू-उपयोग वर्गीकरण सम्पन्न

काठमाण्डु । देशभर तीन सय ३८ स्थानीय तहले भू-उपयोग वर्गीकरण गरेका छन् । भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्ने उद्देश्यले गत चैत मसान्तसम्म ती स्थानीय तहले वर्गीकरण सम्पन्न गरेका हुन् । ती स्थानीय तहले आधार तथा मापदण्ड, नक्सा अद्यावधिक गरी कित्तागत सकेका हुन् ।




देशभरका एक सय ६९ स्थानीय तहले आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक गरी कित्तागत विवरण सङ्कलन तथा नक्सा अद्यावधिक गरेको जनाइएको छ । विभिन्न कारणले ४७ स्थानीय तहले कार्य प्रारम्भ गर्न सकेका थिएनन् ।

त्यसैगरी १५ स्थानीय तहले कृषि क्षेत्रको मापदण्ड तयार गरी विवरण तयार गरेको जनाइएको छ । भू-उपयोग वर्गीकरणको आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक गर्दै गरेका १३४ स्थानीय तह छन् । आधार तथा मापदण्ड तयार गर्दै गरेका ५० स्थानीय तह छन् ।

भूमि, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव गणेशप्रसाद भट्टले भूउपयोग ऐन तथा नियममा स्थानीय तहलाई भूमिको वर्गीकरणका लागि अधिकार तोकिएको जानकारी दिनुभयो ।

कृषि र गैरकृषि जग्गाको वर्गीकरण छिट्टै भएमा त्यसको आधारमा कृषियोग्य जग्गाको संरक्षण, खण्डीकरण नियन्त्रण, चक्लाबन्दी कार्यक्रममार्फत कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षाको प्रत्याभूति तथा व्यवस्थित सहरीकरण र सुरक्षित आवासको व्यवस्थापन गर्न सहज हुने पूर्वाधार विकास, प्राकृतिक स्रोतसाधनको संरक्षणका लागि आवश्यक योजना निर्माण गर्न सकिने मन्त्रालयले जनाएको छ । स्थानीय तहलाई भू-उपयोग वर्गीकरणका लागि यही असार मसान्तसम्म समय अवधि तोकिएको छ । रासस

# पालिकाद्वारा विद्यालय बन्द

महेन्द्रनगर । अत्यधिक गर्मी बढेपछि कञ्चनपुरमा स्थानीय पालिकाले विद्यालयको पठनपाठन बन्द गर्न थालेका छन् ।

सोमबार एक सूचना जारी गर्दै यहाँको शुक्लाफाँटा नगरपालिकाले जेठ १२ र १३ गते गरी दुई दिन नगरक्षेत्रका सम्पूर्ण विद्यालयको पठनपाठन बन्द गर्ने निर्णय गरेको हो ।

नगरपालिकाले हाल बढिरहेको अत्यधिक गर्मीका कारण विद्यार्थीको स्वास्थ्य अवस्थामा प्रतिकूल असर पर्न सक्ने र विद्यालय सञ्चालनमा समेत कठिनाइ उत्पन्न हुनसक्ने परिस्थितिलाई दृष्टिगत गरी दुई दिन बिदा दिने निर्णय गरेको छ ।

त्यसैगरी, कञ्चनपुरको कृष्णपुर नगरपालिकाले नगरक्षेत्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालय आजदेखि तीन दिनसम्मका लागि बिदा दिएको नगरपालिकाका सूचना अधिकारी प्रेम बोगटीले जानकारी दिनुभयो ।

यहाँको भीमदत्त नगरपालिकाले पनि एक सूचना जारी गर्दै आजदेखि तीन दिनसम्मका लागि विद्यालय बन्द गरेको छ । रासस

# होल्डिङ सेन्टरका नागरिकलाई पुनःस्थापना गर्न माग

काठमाण्डु।प्रतिनिधिसभाअन्तर्गत कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा सांसदहरुले होल्डिङ सेन्टरमा राखिएका नागरिकलाई तत्काल पुनःस्थापना गर्न माग गरेका छन् ।

समितिको सोमबार सिंहदरबारमा बसेको बैठकमा होल्डिङ सेन्टरमा सो समितिद्वारा गरिएको स्थलगत अवलोकन प्रतिवेदनमाथिको छलफलमा सांसदहरुले घरबारविहीनलाई उचित व्यवस्था गरेर पुनःस्थापना गर्नु राज्यको दायित्व भएको उल्लेख गर्नुभयो ।

होल्डिङ सेन्टरमा रहेका नागरिकका लागि दैनिक जीवन निर्वाह गर्न सामाजिक सुरक्षा तथा रोजगारीका अवसर सिर्जना गर्न आवश्यक भएको भन्दै अनाथ र गरीब बालबालिकाका लागि निःशुल्क शिक्षाको व्यवस्था मिलाउनुपर्नेमा उहाँहरुले जोड दिनुभयो ।रासस


## अधिकृत वारेशनामा बदर गरिएको

म मुक्ती नारायण दास बैरागीले फिराद पत्र लगायत मुद्दा मामिला तथा मिलापत्र समेतको लागि म जिल्ला रौतहट गाविस इनरवारी वडा नम्बर १ हाल बौधीमाई न पा वडा नम्बर ४ मा बस्ने म मुक्ती नारायण दास बैरागीले ऐ.ऐ. बस्ने खेलावन राय यादवको छोरा अमर प्रसाद यादवलाई रौ.जि.अ.बाट मिति २०७६/०९/०३/०५ मा अधिकृत वारेस नियुक्त गरिएकोमा निज वारेस अमर प्रसाद यादवले अ.वारेसमा भएको शर्त पुरा नगरी शर्त विपरित काम कारवाही गरेकोले निज उपर मेरो विश्वास नरही विश्वासघात गर्ने संभावना रहेकोले मिति २०७६/०९/०३/०५ मा रौ.जि.अ.बाट भएको अ.वारेस आजका मिति देखी मुलुकी देवानी कार्यबिधि संहिता, २०७४ को दफा १५५ को उपदफा १ बमोजिम बदर गरिएको छ ।



## भूमि प्रशासन कार्यालय, ढल्केवर, धनुषा
## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

महादेव महतो सुडीको बुहारी दिप नारायण महतो सुडीको पत्नी जिल्ला धनुषा सबैला नगरपालिका वडा नं. २ बस्ने मन्जु देवी महतो सुडीले तपसिलमा उल्लेखित जग्गा मेरो नाताको जेठो ससुरा विष्णु देव महतोको नाममा छुट जग्गा दर्ता/छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि द.नं.१०१६ मिति २०८१।०६।३० को निवेदनबाट माग दाबी गरेकोले माग बमोजिम निबेदकको नाममा छुटजग्गा/छुट जग्गा नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला । अन्यथा कानुन बमोजिम भइजाने ब्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | तल्लो गोदार | ९। घ | ३७६ | ०-७-४-० |
| धनुषा | तल्लो गोदार | ९। घ | ७२ | ०-७-२-० |
| धनुषा | तल्लो गोदार | ९। ख | ९४ | १-४-०-० |




## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## मोहीको हकदावि सम्बन्धी ३५ पैतिस दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि. महोत्तरी गा.वि.स. किसाननगर वडा नं. १ हाल बर्दिबास नगरपालिका वा.नं.६ मा बस्ने नर बहादुर कार्कीको नाति जित बहादुर कार्कीको छोरा बर्ष ६३ को विष्णु बहादुर कार्की वादीको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा वेंगाडावर गा.वि.स. वा.नं. नं.७ ख कि.नं.१४५ को ०-१-१०-० जग्गामा साबिक जिल्ला धनुषा आदर्श लालभिती वा.नं.८ हाल जिल्ला धनुषा मिथिला नगरपालिका वा.नं.९ मा बस्ने दल बहादुर श्रेष्ठ मोही रहे भएको निज मोहीको सम्बन्धित ठाउँ मिथिला नगरपालिका वा.नं.९ मा कहि कतै बसोबास नभएको नरहेको र जग्गा धनिको हैसियतले जग्गावालाले स्वयम जोतभोग गरी आएकोले उल्लेखित किता जग्गाको भगुवा मोही दल बहादुर श्रेष्ठको नाउँ कट्टा गरी पाउँ भन्ने दावी व्यहोराको फिरादी-पत्र यस कार्यालयमा पर्न आएकोमा कार्वाहीको सिलसिलामा मिति २०८३/०२/११ गतेमा भगुवा मोहीको हक अपुताली खाने नजिकका हकदारहरुको हकदावि सम्बन्धि ३५पैतिस दिने सार्वजनिक सूचना प्रकाशित गर्नु भनि भएको आदेशानुसार हकदावि सम्बन्धि यो ३५ पैतिस दिने सार्वजनिक सूचना प्रकाशित हुने कार्य भएको छ । अतः फिरादी/ जग्गा धनीको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमको कित्ता जग्गाको मोही जिल्ला धनुषा साविक गा.वि.स. वेंगाडावर वा.नं.८ उल्लेखित ठेगाना भएको दल बहादुर श्रेष्ठ मोही रहेकोमा भगुवा मोहीको हक अपुताली खाने नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ पैतिस दिन भित्र आफ्नो लिखित जवाफ / प्रतिउतर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम तपसिलमा उल्लेखित किता जग्गाको भगुवा मोही लगत कट्टा हुनेछ पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि यो ३५ पैतिस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | मोही |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | वेंगाडावर | ७ख | १४५ | ०-१-१० | दल बहादुर श्रेष्ठ |

जनकपुर टुडे
२०८३ साल जेठ १२ गते मंगलबार (26 May, Tuesday, 2026)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# स्थिर सरकार चाहियो

नेपालमा संघीयताको जननी मधेश प्रदेशलाई मानिन्छ । पहिचान सहितको नामाकरण र प्रदेशको राजधानी प्रदेशको पहिलो सरकारले नै टुंग्याए । मधेश प्रदेशको पहिलो मुख्यमन्त्री लालबाबु राउतले पाँच वर्षे कार्यकाल सफलतापूर्वक पूरा गरे । कयौं कानुन निर्माण भयो । कयौं महत्वपूर्ण योजनाहरु लागु भयो । केही विवादास्पद कार्यहरु पनि भए । तर सरकारले निर्वाध रुपमा पाँच वर्ष कार्यकाल चलाए । दोस्रो कार्यकाल अत्यन्त विवादास्पद बनेको छ । प्रदेशको दोस्रो कार्यकालको प्रथम मुख्यमन्त्री सरोज कुमार यादवले झण्डै डेढ वर्ष सरकार चलाए । त्यो सरकारलाई सत्ता साझेदार जनमत पार्टीको सक्रियतामा ढाल्ने कार्य भयो । त्यसपछि जनमत पार्टीका सतीश कुमार सिंहले सवा वर्ष सरकारको नेतृत्व गरे । उनको सरकारलाई पनि जनमत पार्टीकै सक्रियतामा ढालियो । त्यसपछि लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालका नेता जितेन्द्र सोनल मुख्यमन्त्री बने । तर उनी विश्वासको मत लिन नपाएर महिना दिनमै ढल्यो । त्यसपछि सबै भन्दा ठूलो दलको हैसियतमा नेकपा एमालेका नेता सरोज कुमार यादव मुख्यमन्त्री बने । उनी पनि विश्वासको मत लिन नपाएर महिना दिन भित्रै ढले । हाल नेपाली कांग्रेसका नेता कृष्ण प्रसाद यादव मुख्यमन्त्री छन् । उनको नेतृत्वको सरकार पनि कार्यकाल पूरा गर्ने अवस्था देखिदैन । तीन दलीय गठबन्धनमा नेपाली कम्युनिष्ट पार्टी(नेकपा) असन्तुष्ट बनेको छ । कांग्रेस भित्र पनि किचलो छ । असामान्य अवस्था नआए प्रदेश सभाको कार्यकाल झण्डै डेढ वर्ष बाँकी छ । तर डेढ वर्षसम्म यो सरकार टिक्नेमा कसैको विश्वास छैन । सरकार अस्थिर छ । त्यसले मधेश प्रदेशको विकास निर्माण, ऐन कानुन बनाउने कार्य लगायत सबै क्षेत्र प्रभावित भइरहेको छ । १ सय ७ सदस्यीय प्रदेश सभामा हाल १ सय १ जना छन् । बहुमतको संख्या कुनै दलसित छैन । मिलिजुली सरकार बनाउँदा साढे तीन वर्षमा ५ जना मुख्यमन्त्री भइसकेका छन् । तर योजना बेच्ने कार्य रोकिएको छैन । त्यसले मधेश प्रदेश निकै बदनाम भएको छ । हुन त अन्य प्रदेशमा पनि यस्तो प्रवृत्तिका नेताहरु छन् । तर मधेश प्रदेशमा योजना बिक्रेता नेताहरुको संख्या अत्यधिक छ । अस्थिर प्रदेश सरकारको कारण संघीयतामाथि प्रश्न उठाउनेहरुको बोली बलियो हुन थालेको छ । संघीयता विरोधीहरुले मधेश प्रदेशलाई नै उदाहरण बनाएर खारेज गर्नुपर्ने वातावरण बनाउन सक्रिय भएका छन् । देशमा पहिचान सहितको संघीयताका लागि आन्दोलन गर्नेमा मधेश केन्द्रित दलहरु नै अगाडि थिए । संघीयतासँगै बनेको प्रदेशले पछाडि पारिएका समुदायले सरकारी क्षेत्रमा समेत अवसर पाएका छन् । उनीहरुको राजनीतिक अधिकार पनि बढेको छ । मधेश प्रदेशमा सरकारको कारण मधेश केन्द्रित दलहरुप्रति मधेशी समुदायको आकर्षण कमजोर हुन थालेको छ । त्यसकारण मधेश प्रदेशमा स्थिर सरकार चाहिन्छ ।

# साङ्ला (काँकरोच) र असन्तुष्ट युवाहरूको नयाँ डिजिटल रिलको राजनीति



डा.केदार कार्की

कसैले पनि भविष्यवाणी गर्न सक्दैन कि कहिले इन्टरनेटमा केहि भाइरल हुन्छ, वा कहिले सानो मजाक देशको सबैभन्दा ठूलो डिजिटल आन्दोलन बन्न सक्छ। यी दिनहरूमा, एउटा 'पार्टी' ले सामाजिक सञ्जालमा हलचल मच्चाएको छ, जसले गर्दा सबैभन्दा प्रमुख राजनीतिक नेताहरूलाई पनि प्रतिबिम्बित गर्न बाध्य पारिएको छ। यसको नाम 'कक्रोच जनता पार्टी' (ऋव्ए) हो। हाल भारतमा एउटा "पार्टी" को बारेमा चर्चा चलिरहेको छ जसको न त चुनावी चिह्न छ न त कुनै कार्यालय, तैपनि सामाजिक सञ्जालमा यसको प्रभाव प्रमुख राजनीतिक दलहरू भन्दा बढी देखिन्छ। यसलाई "कक्रोच जनता पार्टी" भनिन्छ।

हरेक दिन हामी सामाजिक सञ्जालमा केही न केही अनौठो र नयाँ देख्छौं। आजकल सामाजिक सञ्जालमा ककरोच जनता पार्टी नाम ट्रेन्डिङमा छ, र सबैजना यो के हो भनेर जान्न चाहन्छन्। एक्स र इन्स्टाग्राम जस्ता सामाजिक सञ्जाल प्लेटफर्महरूमा यो नामको खाता सिर्जना गरिएको छ, र लाखौं मानिसहरू यसमा सामेल भएका छन्। केही दिनमै, यो अनौठो नामको यो खाताले हजारौं फलोअर्सहरू प्राप्त गरेको छ। अभिजीत दीपक नामका व्यक्तिले सामाजिक सञ्जाल प्लेटफर्ममा ककरोच जनता पार्टी नामको खाता सिर्जना गरेका छन्, जुन सबैमाझ छलफलको विषय बनेको छ।

जब प्रणाली सफा गर्नुको सट्टा प्रणाली आफैं सड्न थाल्छ, तब अँध्यारा रातहरूमा, सुनसान सडकहरूमा, एक 'मसीहा' देखा पर्छ। मानिसहरूले उसलाई राजा होइन, साङ्ला 'ककरोच' भन्छन्। यो एक सर्वव्यापी मसीहा हो, जो जहाँ पनि देखा पर्न सक्छ–तपाईंको चम्किलो भान्छामा, रेलवेको डिब्बामा, बस ,माइक्रो बस वा सरकारी कार्यालयको त्यो अँध्यारो कोठामा, जहाँ धुलोले भरिएका फाइलहरू शताब्दीयौंदेखि सुतिरहेका छन्। अब तपाईं सोच्दै हुनुहुन्छ होला कि यो महान् प्राणीको अचानक किन उल्लेख गरिएको छ?

खैर, महोदय, राजनीतिको करिडोरबाट ब्रेकिङ न्यूज आएको छ। एउटा पार्टीले देशको राजनीतिमा प्रवेश गरेको छ–चुनाव लडेर, र्‍याली नगरी र पोस्टर नटाँसी सामाजिक सञ्जालमा हलचल मच्चाइरहेको छ। यसको नाम ककरोच जनता पार्टी, वा सीजेपी हो। सीजेपीको नाम अहिले इन्टरनेटमा चर्चाको विषय बनेको छ। यो मिम वा मजाक जस्तो लाग्न सक्छ, तर इन्टरनेटमा यसको लोकप्रियता केवल मजाकभन्दा बाहिर गएको देखिन्छ। यसको घोषणा भएको केही दिनमै हजारौं मानिस पार्टीमा सामेल भएको दाबी गरिएको छ।

रोचक कुरा के छ भने, यसका सदस्यहरूले आफूलाई धर्मनिरपेक्ष, समाजवादी, लोकतान्त्रिक र अल्छी भनेर वर्णन गर्छन्, जुन पंक्ति अहिले सामाजिक सञ्जालमा भाइरल भएको छ। कोही यसलाई युवा निराशाको नयाँ प्रतीक भनिरहेका छन् भने कोही यसलाई वर्तमान राजनीतिमाथिको अन्तिम व्यंग्य मानिरहेका छन्। तर यहाँ सबैभन्दा ठूलो प्रश्न यो हो कि ककरोच जनता पार्टी केवल इन्टरनेट मजाक हो वा प्रणालीसँग असन्तुष्ट युवाहरूको नयाँ डिजिटल आवाज।

विगत केही दिनदेखि भारतीय सामाजिक सञ्जालमा "साङ्ला जनता पार्टी" को अचानक उदयले राजनीतिको बारेमा मात्र नभई सार्वजनिक जीवनको बदलिँदो बनावट र ध्यान अवधिको बारेमा पनि केही महत्त्वपूर्ण अन्तर्दृष्टिहरू प्रकट गरेको छ। मीम पृष्ठहरू, इन्स्टाग्राम रिलहरू, विचित्र राजनीतिक ब्रान्डिङ, र डिजिटल रूपमा सञ्जाल गरिएको क्रोधले सुरुमा अर्को इन्टरनेट मजाक जस्तो देखिने कुरालाई द्रुत रूपमा एक प्रमुख सांस्कृतिक घटनामा रूपान्तरण गर्‍यो। केही दिन भित्र, अनुयायीहरूको संख्या आकाशियो, बंगलादेश र नेपालसँग तुलना अनलाइन प्रसारित हुन थाल्यो, र धेरै पर्यवेक्षकहरूले यसलाई दक्षिण एसियामा नयाँ प्रकारको विकेन्द्रीकृत युवा राजनीतिको उदयको प्रमाणको रूपमा व्याख्या गर्न थाले। तैपनि, चासो लाग्ने कुरा यी संरचनाहरूको उदय मात्र होइन, तर डिजिटल संस्कृतिले सिर्जना गरिरहेको राजनीतिक व्यक्तिपरकताको प्रकार हो।

अचम्म लाग्ने कुरा यो विरोधाभास होः युवा पुस्ता सामूहिक स्वामित्वको लागि भावनात्मक रूपमा भोको छ। तैपनि तिनीहरू समाजहरूमा बस्छन् जहाँ सार्वजनिक जीवन कमजोर भएको छ, जहाँ संगठनात्मक संस्कृतिहरू क्षय भएका छन्, र जहाँ व्यक्तिगतकरण संरचनात्मक भएको छ। यस्तो परि स्थितिमा, डिजिटल रूपमा सिंक्रोनाइज गरिएको रिस मनोवैज्ञानिक रूपमा शक्तिशाली हुन्छ किनभने यसले विखण्डन र एक्लोपनबाट अस्थायी राहत प्रदान गर्दछ। यसैकारण मेम-आधारित राजनीतिक समूहहरूले प्रायः आफ्नो संगठनात्मक संरचनाहरू भन्दा धेरै भावनात्मक तीव्रता उत्पन्न गर्छन्। भीड, जतिसुकै अस्थायी भए पनि, परमाणुकरणबाट राहत प्रदान गर्दछ।




नेपालमा पनि, रबीको राष्ट्रिय स्वतन्त्र पार्टी र बालेनको उदयले यस परिवर्तनका पक्षहरूलाई चित्रण गर्दछ। फ्यान्डम, मध्यस्थ व्यक्तित्व, डिजिटल सहभागिता, र राजनीतिक भावनालाई अलग गर्न बढ्दो रूपमा गाह्रो हुँदै गइरहेको छ।

"साङ्लो" प्रतीक यति शक्तिशाली हुनुको एउटा कारण यो हो कि यसको पहिले नै गहिरो साहित्यिक र राजनीतिक इतिहास छ। फ्रान्ज काफ्काको मेटामोर्फोसिस प्रसिद्ध रूपमा ग्रेगर साम्सा जागरणबाट सुरु हुन्छ जुन एक राक्षसी कीरामा परिणत भएको थियो। काफ्काले कहिल्यै स्पष्ट रूपमा कीरालाई साङ्लोको रूपमा पहिचान गरेनन्, तर लोकप्रिय कल्पनाले लामो समयदेखि यसलाई एउटासँग जोडेको छ। प्रतीक महत्त्वपूर्ण छ किनभने काफ्काको कीरा कहिल्यै केवल एक विचित्र थिएन। यसले एक्लोपन, अपमान, उपेक्षा, र आधुनिक जीवनमा सामाजिक रूपमा बेकार हुने अवस्थालाई प्रतिनिधित्व गर्‍यो। काम र सामाजिक जिम्मेवारीको सन्दर्भमा ग्रेगरले उत्पादक रूपमा काम गर्न नसकेको क्षणदेखि नै, उनी मानवको रूपमा पूर्ण रूपमा चिनिन छाडे।

सायद त्यसैले पनि आज यो रूपक प्रतिध्वनित हुन्छ, अनजानमा पनि। मिम वरिपरिको हास्य र विडम्बनाको मुनि एक पुस्ता छ जसले बढ्दो रूपमा थकान, अनिश्चितता, अदृश्यता र भावनात्मक विखण्डनको अनुभव गरिरहेको छ। साङ्लो प्रतिकूल वातावरणमा बाँच्न सक्छ। बारम्बार उन्मूलन प्रयास गर्दा पनि यो कायम रहन्छ। यो केवल घृणाको प्रतीक होइन, तर धेरै मानिसहरू राजनीतिक रूपमा अनसुना र सामाजिक रूपमा थकित महसुस गर्ने परिस्थितिहरूमा बाँच्ने प्रतीक बन्छ। त्यो भावनात्मक पहिचान महत्त्वपूर्ण छ किनभने समकालीन राजनीतिले वैचारिक गहिराइ मार्फत मात्र होइन, तर प्रतीकात्मक तात्कालिकता र भावनात्मक पहिचान मार्फत बढ्दो रूपमा कार्य गर्दछ।

साथै, हामीले देखेका कुराहरूलाई रिल संस्कृतिको ठूलो संरचनाबाट अलग गर्न सकिँदैन। आज राजनीति छोटो भावनात्मक विस्फोटहरू मार्फत बढ्दो रूपमा प्रकट हुन्छः रिलहरू, मीमहरू, भाइरल क्लिपहरू, आक्रोश चक्रहरू, र द्रुत प्रतीकात्मक पहिचान। मुद्दा केवल ध्यान अवधि छोटो हुँदै गइरहेको मात्र होइन। गहिरो मुद्दा यो हो कि डिजिटल संस्कृतिले राजनीतिक जीवनको लौकिकतालाई पुनर्गठन गर्दछ। गम्भीर राजनीतिलाई ऐतिहासिक रूपमा ढिलोपन, निरन्तरता, पुनरावृत्ति, स्मृति र दीर्घकालीन भावनात्मक लगानी आवश्यक पर्दछ। भावनात्मक तीव्रता कम भएपछि पनि मानिसहरूलाई संस्थाहरू र सामूहिक संरचनाहरूमा संलग्न रहन आवश्यक थियो। रिल संस्कृति बढ्दो रूपमा विपरीत दिशामा धकेल्छ। सहभागिता तत्कालता, उत्तेजना, नवीनता र निरन्तर भावनात्मक कारोबार वरिपरि व्यवस्थित हुन्छ।

कतै न कतै, परिवर्तनको सिद्धान्तले पनि काम गर्न छोड्योः जानकारी प्रदान गर्नुहोस्, तर्कसंगत आलोचना गर्नुहोस्, वैज्ञानिक शिक्षा दिनुहोस्, र मानिसहरू स्वाभाविक रूपमा धर्मनिरपेक्ष, समतावादी, लोकतान्त्रिक र वातावरणीय रूपमा सचेत हुनेछन्। तर राजनीति कहिल्यै पनि तर्कसंगतताबाट मात्र सञ्चालन भएको छैन। डर, अपमान, आकांक्षा, एक्लोपन, आक्रोश, अपनत्व र अर्थको खोजीले राजनीतिक व्यवहारलाई त्यति नै गहिरो रूपमा आकार दिन्छ।

यसले गहिरो राजनीतिक समस्या सिर्जना गर्छ। सामाजिक जीवन जति छिटो भावनात्मक परिसंचरण वरिपरि व्यवस्थित हुन्छ, सामूहिक संलग्नताको टिकाउ रूपहरू कायम राख्न त्यति नै गाह्रो हुन्छ। राजनीतिक सहभागिता बढ्दो रूपमा संगठित प्रतिबद्धताको सट्टा समक्रमित प्रतिक्रिया जस्तो देखिन्छ। लाखौं मानिसहरूले अचानक प्रतीकात्मक छवि, मेम, विवादास्पद कथन, वा एक साझा शत्रुको वरिपरि घण्टौं भित्र भावनात्मक रूपमा एकताबद्ध महसुस गर्न सक्छन्। सामाजिक सञ्जाल प्लेटफर्महरू अन्यथा अत्यधिक व्यक्तिगत विषयहरू बीच सामूहिक सम्बन्धको यो अस्थायी भावना उत्पन्न गर्न असाधारण रूपमा प्रभावकारी छन्। तर समक्रमण एकता जस्तै कुरा होइन। एउटाले तीव्रता उत्पादन गर्छ; अर्कोलाई सहनशीलता र भावनात्मक लगानी चाहिन्छ।

यो भिन्नता महत्त्वपूर्ण छ किनभने समकालीन राजनीति भावनात्मक प्रवेग मार्फत बढ्दो रूपमा सञ्चालन हुन्छ। एल्गोरिदमले आक्रोशलाई पुरस्कृत गर्दछ किनभने आक्रोशले संलग्नतालाई कायम राख्छ। दृश्यता परिसंचरणमा निर्भर गर्दछ। परिणाम एक राजनीतिक संस्कृति हो जहाँ उत्तेजना प्रायः निरन्तरता भन्दा बढी महत्त्वपूर्ण हुन्छ। भीड अचानक देखा पर्दछ, तीव्र रूपमा सर्छ, छोटो समयमा प्रवृत्ति हुन्छ, र त्यसपछि अर्को भावनात्मक चक्र तिर फैलिन्छ। राजनीतिक असहमति पनि भावनात्मक रूपमा चार्ज हुने र दीर्घकालीन संगठनात्मक निरन्तरताको सट्टा एल्गोरिदमिक दृश्यतामा निर्भर हुने जोखिम बढ्दै जान्छ। राजनीतिक विषय बिस्तारै प्रतिक्रिया तर्फ नै सर्तित हुन्छ।

यही कारणले गर्दा बंगलादेश र नेपालसँग उत्सवको तुलना गर्ने बारेमा सबैजना सतर्क रहे। बंगलादेश र नेपालको सामाजिक-राजनीतिक अवस्था महत्त्वपूर्ण तरिकाले फरक भए पनि, अन्तिम मार्ग मौलिक रूपमा फरक भएको छैन। दुवै अवस्थामा, विकेन्द्रीकृत राजनीतिक ऊर्जाका क्षणहरू अन्ततः बढी संगठित र केन्द्रीकृत राजनीतिक संरचनाहरूमा समाहित भए। यो झुण्ड विरलै लामो समयसम्म विकेन्द्रीकृत रहन्छ। गहिरो मुद्दा डिजिटल रूपमा समक्रमित परिचालनहरू देखा पर्न सक्छन् कि सक्दैनन् भन्ने होइन। तिनीहरू स्पष्ट रूपमा देखा पर्न सक्छन्। अझ कठिन प्रश्न यो हो कि समकालीन समाजहरूमा अझै पनि भावनात्मक तीव्रताका क्षणहरूभन्दा बाहिर सामूहिक राजनीतिक जीवनलाई दिगो बनाउन आवश्यक भावनात्मक र संस्थागत आधारहरू छन् कि छैनन्।

त्यसकारण, संकट केवल राजनीतिक होइन; यो सभ्यता पनि हो। सार्वजनिक जीवन आफैं समयसँगै कमजोर भएको छ। मानिसहरूले पहिले सामूहिक अस्तित्वको ढिलो र अधिक टिकाउ रूपहरू अनुभव गर्ने ठाउँहरू - युनियनहरू, क्याम्पसहरू, छिमेकी संघहरू, पठन सर्कलहरू, राजनीतिक संगठनहरू, लामो कुराकानीहरू पनि - निरन्तर बिग्रँदै गएका छन्। बढ्दो रूपमा, समाजहरूले यस्ता व्यक्तिहरू उत्पादन गरिरहेका छन् जो भावनात्मक रूपमा आफ्नोपनको लागि भोका रहन्छन् जबकि यसलाई कायम राख्न आवश्यक संरचनाहरूको अभाव छ। मेम भीडले अस्थायी रूपमा त्यो शून्यता भर्छ। यसले अन्यथा खण्डित सामाजिक संसारहरूमा सहभागिता र भावनात्मक सम्बन्धको भावना सिर्जना गर्दछ। तर निरन्तरता बिनाको सहभागिता चाँडै भावनात्मक थकानको अर्को चक्र बन्न सक्छ।

अर्को स्तरमा, यहाँ काममा गहिरो विरोधाभास पनि छ। विकेन्द्रीकृत ऊर्जाहरू परिसंचरण गर्ने प्लेटफर्महरू मानव इतिहासको सबैभन्दा केन्द्रीकृत प्राविधिक प्रणालीहरू मध्ये एक हुन्। मानिसहरू एल्गोरिथमिक नियन्त्रण र मुद्रीकृत ध्यानमा संरचनात्मक रूपमा निर्भर पूर्वाधारहरूमा बसोबास गर्दा भावनात्मक रूपमा विकेन्द्रीकरणको चाहना बढ्दै जान्छ। स्थापना विरोधी झुण्ड लोकतान्त्रिक निरन्तरताको लागि होइन, तर उत्तेजना, परिसंचरण र संलग्नताको लागि डिजाइन गरिएका प्रणालीहरू भित्र देखा पर्दछ।

यो पनि हो जहाँ मे १९६८ को फ्रान्सेली विद्यार्थी विद्रोहको समयमा ज्याक लाकानको प्रसिद्ध अवलोकन फेरि सान्दर्भिक हुन्छ। धेरै बुद्धिजीवीहरूले विरोधलाई मौलिक रूपमा मुक्तिको रूपमा कल्पना गरेको क्षणमा, लाकानले गहिरो रूपमा अस्थिर रेखाको साथ जवाफ दिएः "क्रान्तिकारीको रूपमा तपाईंले जे चाहनुहुन्छ त्यो एक मालिक हो। तपाईंले एउटा पाउनुहुनेछ।" उनको कुरा केवल निन्दनीय थिएन। एउटा प्रतीकात्मक व्यवस्था विरुद्धको विद्रोहले अधिकारको संरचनालाई स्वचालित रूपमा समाप्त गर्दैन। धेरै पटक, इच्छाले आफूलाई सम्बद्धता र प्रतीकात्मक संलग्नताको नयाँ रूपहरू वरिपरि पुनर्गठन गर्छ। साझा शत्रुले पहिचानलाई स्थिर बनाउँछ। विरोधले भावनात्मक एकता सिर्जना गर्छ। तर एक पटक आन्दोलनहरू शासन वा दीर्घकालीन संगठनमा पुग्दा, विरोधाभासहरू देखा पर्न थाल्छन्।

त्यसोभए खतरा यो होइन कि यी डिजिटल झुण्डहरूमा ऊर्जाको कमी छ। ऊर्जा स्पष्ट रूपमा वास्तविक छ। गहिरो समस्या यो हो कि समकालीन डिजिटल संस्कृतिले मानिसहरूलाई सहनशीलताको सट्टा तुरुन्तता, प्रतिबद्धताको सट्टा परिसंचरण र दिगो राजनीतिक कल्पनाको सट्टा प्रतिक्रियातर्फ बढ्दो रूपमा निर्देशित गर्दछ। काफ्काको कीरा बाँचे, तर यो आफ्नो मानवता पहिचान गर्न असमर्थ संसार भित्र पनि फसेको रह्यो। त्यो अन्ततः हाम्रो राजनीतिक क्षणको लागि अझ अस्थिर रूपक हुन सक्छ। विडम्बना, हास्य, र मीम परिसंचरण मुनि प्रणाली भित्र दृश्यता र मर्यादा खोज्ने पुस्ता छ जसले राजनीतिलाई भावनात्मक प्रवेगको अनन्त चक्रमा रूपान्तरण गर्दै निरन्तर ध्यान विभाजित गर्दछ।

# नेपाललाई "हिन्दू राष्ट्र"होइन,"सनातन वैदिक राष्ट्र" घोषणा गरौं

वैदिक पुरोहित श्री विनय भाइ

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते।पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते।।

(ईशावास्योपनिषद्)

यो ब्रह्माण्ड आफैंमा पूर्ण छ, यसबाट जे निस्कन्छ त्यो पनि पूर्ण छ र पूर्णतामा पूर्णता निकाल्दा पनि जे बाँकी रहन्छ, त्यो पूर्ण नै हुन्छ। यही शाश्वत सत्य, यही विज्ञान र यही अनन्त चेतनाको नाम 'सनातन' हो।


आज राजनीतिक र भौगोलिक परिधिभित्र अल्झिएको नेपाललाई केवल 'हिन्दू राष्ट्र' को सङ्कुचित परिभाषामा मात्र सीमित राख्नु यसको अलौकिक ऊर्जाप्रति अन्याय गर्नु हो। सिन्धु नदीको तटबाट सिर्जित 'हिन्दू' शब्दले एउटा कालखण्ड र निश्चित पहिचानलाई त समेट्ला, तर यस भूमिको वास्तविक गहिराइलाई व्यक्त गर्न सक्दैन। नेपाल त आदि कालदेखि नै "सनातन वैदिक राष्ट्र" हो। यो कुनै सम्प्रदाय होइन, यो त सृष्टिको आदि-ध्वनि र ब्रह्माण्डीय नियम (ऋत) को जीवन्त स्वरूप हो।

### 'ऋत' र सनातनः सृष्टिको अभौतिक विज्ञान

वैदिक दर्शनमा एउटा शब्द छ– 'ऋत' । ऋत भनेको त्यो प्राकृतिक र ब्रह्माण्डीय व्यवस्था हो, जसका कारण ग्रहहरू निश्चित गतिमा घुम्छन्, ऋतुहरू परिवर्तन हुन्छन् र जीवनको चक्र चल्छ।

जब हामी नेपाललाई 'सनातन वैदिक राष्ट्र' भन्छौ, तब हामी कुनै राजनीतिक व्यवस्थाको कुरा गरिरहेका हुँदैनौ, बल्कि पृथ्वीको त्यो भूमिपट्टिको कुरा गरिरहेका हुन्छौ जहाँ 'ऋत' अर्थात् प्रकृतिको नियम सबैभन्दा शुद्ध रूपमा क्रियाशील छ।

वेदको अर्थ हो 'ज्ञान' । यो ज्ञान मानिसको मस्तिष्कबाट उब्जिएको विचार होइन,यो त ती ऋषिका चेतनामा सुनिएका (श्रुति) ब्रह्माण्डीय तरङ्गहरू हुन्, जसलाई आधुनिक विज्ञानले अहिले 'क्वान्टम फिल्ड' (Quantum Field) वा 'स्ट्रिङ थ्योरी' (String Theory) भन्न थालेको छ।




### हिमालय र शिवत्वः चेतनाको सर्वोच्च शिखरः

नेपालको भूगोल साधारण भूगोल होइन, यो चेतनाको भूगोल हो। शिवको अर्थ हो– 'जुन छैन'। त्यो अनन्त शून्यता र ऊर्जायुक्त चेतना नै शिवत्व हो।

### मेरुदण्ड र हिमालयको सम्बन्धः

मानव शरीरमा जसरी मूलाधारदेखि सहस्रार चक्रसम्म ऊर्जा प्रवाह हुन्छ र सहस्रार चक्र मा पुगेपछि मानिसले परम ज्ञान प्राप्त गर्छ, ठ्याक्कै त्यसै गरी यो पृथ्वीको मेरुदण्ड हिमालय हो। नेपाल त्यही 'सहस्रार चक्र' को केन्द्र हो, जहाँ ब्रह्माण्डको सर्वोच्च चेतना (Cosmic Consciousness) संकलित छ।

### वैज्ञानिक रहस्यः

पिरामिड इफेक्ट र हिमशृङ्खलाः वैज्ञानिक अनुसन्धानहरूले प्रमाणित गरेका छन् कि पिरामिड जस्तो आकारले ऊर्जालाई केन्द्रित (Focus) गर्छ। नेपालका त्रिकोणात्मक हिमशृङ्खलाहरू प्राकृतिक पिरामिड हुन्, जसले अन्तरिक्षका सूक्ष्म पराबैजनी र कस्मिक किरणहरूलाई संकलन गरी यस क्षेत्रको वायुमण्डललाई 'आयनित' (Ionized) र पवित्र बनाइराख्छन्।

शून्य विन्दु (Zero–Point Energy): मानसरोवर, कैलाश र नेपालका उच्च हिमाली गुफाहरू 'जिरो-पोइन्ट एनर्जी' का स्रोत हुन्। यहाँ विचारको गति शून्य हुन्छ र जहाँ विचार शून्य हुन्छ, त्यहाँ 'अद्वैत' (Oneness) को अनुभूति हुन्छ।

### मन्त्रको कम्पन र आधुनिक क्वान्टम फिजिक्सः

वेदका ऋचाहरू मन्त्र हुन्। मन्त्रको अर्थ हुन्छ– 'मननात् त्रायते इति मन्त्रः' (जसको मनन गर्दा संसारको बन्धनबाट मुक्ति मिल्छ)।

महान् वैज्ञानिक निकोला टेस्लाले भनेका थिएः

"यदि तपाईं ब्रह्माण्डको रहस्य बुझ्न चाहनुहुन्छ भने ऊर्जा, आवृत्ति (Frequency) र कम्पन (Vibration) को भाषामा सोच्नुहोस्।"

वैदिक मन्त्रहरू ठ्याक्कै यही कम्पनका विज्ञान हुन्। जब नेपालका पवित्र नदीहरू (बागमती, गण्डकी, कोशी) को किनारमा र पशुपतिक्षेत्रमा वेदध्वनि गुञ्जायमान हुन्थ्यो, त्यसले वायुमण्डलमा एक विशिष्ट प्रकारको 'ज्यामितीय आकार' निर्माण गर्थ्यो, जसलाई विज्ञानमा ऋथकबतष्अक भनिन्छ। ॐ (ओम्) को कम्पनले मानव कोषिका भित्र रहेको डिएनए (DNA) लाई समेत निको पार्ने र पुनर्जीवित गर्ने क्षमता राख्छ।

### नेपाल ज्ञानको उद्गम र तपोभूमिः

यो भूमिमा वेद व्यासले चार वेदको प्रचार गरे। राजा जनक र अष्टावक्रको संवाद यही भयो, जहाँ 'अष्टावक्र गीता' को जन्म भयो– जुन संसारकै सबैभन्दा उच्चकोटीको दर्शन हो। बुद्धले 'शून्य' को ध्यान यही सिकाए।

त्यसैले, नेपाललाई केवल एउटा धर्म विशेषको राष्ट्र भन्नु यसको महिमालाई सानो बनाउनु हो। यो त सम्पूर्ण मानव जातिको आध्यात्मिक जननी हो। यहाँका रूख, बिरुवा, माटो र पानीमा वैदिक मन्त्रहरूको स्मृति लुकेको छ।

### 'सनातन वैदिक राष्ट्र' नै किन?

हामीले नेपाललाई "सनातन वैदिक राष्ट्र" घोषणा गर्नुपर्ने आध्यात्मिक र वैज्ञानिक कारणहरू स्पष्ट छन्ः

१. सर्वसमावेशी र सार्वभौमिकः यसले कुनै पनि सम्प्रदाय, जात वा वर्गलाई निषेध गर्दैन। वेदले भन्छ– "कृण्वन्तो विश्वमार्यम्" (सम्पूर्ण विश्वलाई श्रेष्ठ बनाऔं)।

२. प्रकृति र विज्ञानको समन्वयः यसले मानिसलाई प्रकृतिसँग जोड्छ। नदीलाई माता, रुखलाई देवता र पृथ्वीलाई जननी मान्ने यो दर्शन आधुनिक पर्यावरणीय संकट (Climate Change) को एक मात्र आध्यात्मिक समाधान हो।

३. विश्वको आध्यात्मिक राजधानीः जब नेपाल 'वैदिक राष्ट्र' बन्नेछ, यसले विश्वभरका वैज्ञानिक, दार्शनिक र साधकहरूलाई आकर्षित गर्नेछ। यो केवल एउटा राजनीतिक देश रहने छैन, यो विश्वकै 'आध्यात्मिक प्रकाश-स्तम्भ' (Lighthouse of Consciousness) बन्नेछ।

राजनीतिक स्वार्थ र सङ्कुचित विचारधारा भन्दा माथि उठेर, हाम्रा पूर्वज ऋषिमुनिहरूको तपोबललाई स्मरण गर्दै, यो देवभूमिलाई यसको वास्तविक स्वरूप दिऔं। नेपाललाई "सनातन वैदिक राष्ट्र" घोषणा गरौं र विश्वमा पुनः शान्ति, सत्य र विज्ञानको जग बसालौं।

यस धर्तीको जय होस्, वैदिक चेतनाको विजय होस्।

ॐ असतो मा सद्गमय। तमसो मा ज्योतिर्गमय। मृत्यौर्माऽमृतं गमय। ॐ शान्तिः शान्तिः शान्तिः।।

# क्रियाशील सदस्यता अद्यावधिक गर्न कांग्रेसले तोक्यो विशेष जिम्मेवारी

काठमाण्डु । नेपाली कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिकलाई सहज र द्रुत गतिमा अगाडि बढाउन पदाधिकारी तथा केन्द्रीय सदस्यहरुलाई विशेष जिम्मेवारी तोकेको छ ।

पार्टी सभापति गगनकुमार थापाको उपस्थितिमा कांग्रेस सदस्यता व्यवस्थापन केन्द्रीय समितिको यहाँ सोमबार बसेको बैठकले सबै सङ्गठनात्मक संरचनालाई प्रयोग गरी अनुगमन गर्न समितिका तर्फबाट सातै प्रदेशमा केन्द्रीय पदाधिकारी तथा केन्द्रीय सदस्यहरुलाई जिम्मेवारी तोकेको हो ।

बैठकले डा डिला सङ्ग्रौलालाई कोशी प्रदेश, बहादुरसिंह लामालाई बागमती, उदयशम्शेर राणालाई सुदूरपश्चिम, मुक्ताकुमारी यादवलाई गण्डकी, जानकी सिंहलाई कर्णाली, देवराज चालिसेलाई मधेस र अमरसिंह पुनलाई लुम्बिनी प्रदेशको जिम्मेवारी तोक्ने निर्णय गरेको कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो ।

पार्टीको १५औँ महाधिवेशनका लागि नयाँ क्रियाशील सदस्यता वितरण तथा विभिन्न कारणवश यसअघि नवीकरण हुन नसकेका क्रियाशील सदस्यहरूको सदस्यता नवीकरण गरी केन्द्रीय प्रणालीमा प्रविष्ट गर्ने कार्य यही जेठ २१ गतेभित्र सम्पन्न गर्नुपर्ने बैठकले निर्णय गरेको छ । बैठकले कांग्रेसको १४औँ महाधिवेशनका क्रममा गठन भएको क्रियाशील सदस्यता छानबिन समितिले १५औँ महाधिवेशनमा आधिकारिकता दिनेगरी प्रदान गरिएका क्रियाशील सदस्यतालाई पुरानो सदस्यता मानी नवीकरण प्रक्रियामा समावेश गर्न जिल्ला सभापतिहरुलाई परिपत्र गर्ने निर्णय गरेको कार्यवाहक मुख्यसचिव दुलालले बताउनुभयो ।



बैठकले विभिन्न पार्टीबाट कांग्रेसमा समायोजन भएका व्यक्तिका हकमा सदस्यतासम्बन्धी समस्या समाधान गर्न सदस्यता व्यवस्थापन केन्द्रीय समितिका तर्फबाट जिल्लाहरुमा केन्द्रीय प्रतिनिधि खटाउने निर्णय गरेको छ । त्यसका लागि डा गोपाल दहितलाई बारा, आङ्गेलु शेर्पालाई सिरहा, अब्दुल सत्तारलाई धनुषा, राजीव ढुङ्गानालाई सप्तरी, कुसुम थापालाई सोलुखुम्बु, देवप्रसाद तिमिल्सिनालाई सर्लाही, तिलक रानाभाटलाई सुर्खेत, प्रमोदहरि गुरागाईंलाई महोत्तरी, टेकराज पौडेललाई कपिलवस्तु, जगदीशनरसिंह केसीलाई सुनसरी, कमलकिशोर घिमिरेलाई रौतहट, कृष्ण रिजाललाई पर्सा र ईश्वर अधिकारीलाई काठमाडौँको जिम्मेवारी तोकिएको छ ।

यसैगरी, कांग्रेस जनसम्पर्क समितिको हकमा अधिवेशन सम्पन्न भइसकेका सात देशको जनसम्पर्क समितिको सम्बन्धमा क्रियाशील अद्यावधिक प्रक्रियाका लागि अनुमति दिने बैठकले निर्णय गरेको छ । क्रियाशील सदस्यतासम्बन्धी समस्या नदेखिएका १५ देशका जनसम्पर्क समितिका हकमा क्रियाशील सदस्यता अद्यावधिक गरी अधिवेशन सम्पन्न गर्ने समयतालिका केन्द्रीय कार्यालयमा पेस गर्न परिपत्र गरिएको छ ।

पार्टीको १४औँ महाधिवेशनपश्चात् विविध कारणले केन्द्रीय कार्यालयसँग कम सम्पर्क भएका अन्य सात देशका जनसम्पर्क समितिको हकमा सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण गर्न परिपत्र गर्ने बैठकले निर्णय गरेको छ । त्यसैगरी, क्रियाशील सदस्यतासम्बन्धी समस्या भएका आठ देशका जनसम्पर्क समितिका हकमा अध्ययन गरी समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने निर्णय गरिएको मुख्यसचिव दुलालले जानकारी दिनुभयो । समितिका संयोजक महामन्त्री प्रदीप पौडेलको अध्यक्षतामा बसेको बैठकले कांग्रेस सदस्यता व्यवस्थापन केन्द्रीय समितिको सचिवमा केन्द्रीय कार्यालयका सह-सचिव प्रेम विश्वकर्मालाई नियुक्त गर्ने निर्णय गरेको छ । रासस

# 'गरिबलाई गरिखाने वातावरण बनाउने गरी नीति कार्यक्रम ल्याइने'

बागमती । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेश सरकारको आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट गरिबलाई गरिखाने वातावरण बनाउने किसिमको ल्याइने बताउनुभएको छ ।



सोमबारदेखि शुरु भएको बागमती प्रदेशसभाको वर्षे अधिवेशनमा मुख्यमन्त्री बानियाँले गणतन्त्र गरिबको व्यवस्था भएकाले गरिबलाई गरिखाने किसिमको नीति, कार्यक्रम र बजेट ल्याउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो । प्रदेश सरकारले गरिब, किसानको पक्षमा आगामी आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम र बजेट ल्याउने उल्लेख गर्दै उहाँले कुनै दलको नभई सबै राजनीति दलको साझा नीति, कार्यक्रम र बजेट आउने बताउनुभयो ।

प्रदेश सरकारका शिक्षा, स्वास्थ्य, सडक पूर्वाधार, खानेपानीसम्बन्धी गौरवका आयोजनालाई आगामी वर्षमा प्राथमिकता दिने भन्दै मुख्यमन्त्री बानियाँले सुशासन प्रवर्द्धनका लागि प्रदेश सरकारले ठोस चालेको बताउनुभयो । प्रदेश सरकार सहमति, सहकार्य र सहअस्तित्वको आधारमा सङ्घीय सरकार र स्थानीय सरकारसँग सहकार्य गरेर अघि बढ्न प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले सङ्घीय सरकारले प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय गरेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

सङ्घीय संसद्का सांसदहरूका स्वकीयहरुको सुविधा कटौती नहुने तर प्रदेशसभाका सांसदहरूको स्वकीय सुविधा कटौती हुनु विभेद भएको टिप्पणी गर्नुहुँदै मुख्यमन्त्री बानियाँले सङ्घीय सांसदको सुविधा कायम रहे प्रदेश सांसदको स्वकीय सुविधा कायम गर्नुपर्ने बताउनुभयो ।

पूर्वमुख्यमन्त्री तथा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश संसदीय दलका नेता शालिकराम जम्कट्टेलले आफ्नो नेतृत्वको सरकारले अघि बढाएको प्रदेश गौरवका आयोजनालाई निरन्तरता दिनुपर्ने बताउनुभयो । उहाँले जनताको आवश्यकताअनुसार नीति, कार्यक्रम र बजेट ल्याउन सुझाव दिनुभयो । प्रदेशसभाको सभामुख रिक्त भएको लामो समयसम्म चयन हुन नसकेकाले उहाँले तत्काल चयन प्रक्रिया अघि बढाउन माग गर्नुभयो ।

प्रदेशसभा बैठकमा नेपाली कांग्रेसका उपनेता रामकृष्ण चित्रकार, प्रदेशमा नेपाल कम्युनिष्ट पार्टी एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया, राष्ट्रिय प्रजातन्त्र पार्टीका भुवनकुमार पाठक, नेपाल मजदुर किसान पार्टीका संसदीय दलका नेता सुरेन्द्रराज गोसाईं, हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्यले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

यस्तै सोमबारको प्रदेशसभा बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) को प्रस्ताव प्रस्तुत गर्नुभयो । प्रदेशसभाको अर्को बैठक यही जेठ १२ गते बिहान ११:०० बजे बस्नेछ । रासस

# आर्थिक अनुशासन कायम गराउने मुख्य लक्ष्यमा लेखा समितिले काम गर्छ : सभापति खड्का




काठमाण्डु । सार्वजनिक लेखा समितिका सभापति भरतबहादुर खड्काले आर्थिक अनुशासन कायम गराउने मुख्य लक्ष्य लिएर समितिले काम अघि बताउनुभएको छ ।

बेरुजुको आयतन उच्च भएका मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरुसँग बेरुजु न्यूनीकरणसम्बन्धी विषयमा आज समितिले आयोजना गरेको बैठकमा उहाँले जनताले सुशासन खोजेको र त्यो आर्थिक अनुशासनबाट मात्र सम्भव हुने बताउनुभयो । ऐन, कानुनको मस्यौदा र संशोधन गर्दा सुशासन कायम गर्न सहज हुने हिसाबले नै गर्ने प्रतिबद्धता पनि सभापति खड्काको थियो ।

हालै महालेखापरीक्षकको कार्यालयले राष्ट्रपतिलाई बुझाएको ६३औँ प्रतिवेदनअनुसार रु सात खर्ब ५५ अर्ब बेरुजु पुग्नुले सबैको शिर निहुरिएकाले अब सुशासनमा केन्द्रित भएर काम गर्न उहाँले बढी बेरुजु भएका मन्त्रालयका सचिवहरुलाई निर्देशन दिनुभयो ।

बैठकमा सांसद इन्दिरा रानाले करारका कर्मचारीले लिएको पारिश्रमिक बेरुजुमा आएको चर्चा सुनिएकाले त्यस्तो भएको हो त्यस विषयमा समितिमा छलफल गरी आवश्यक निर्णय गरिनुपर्ने बताउनुभयो । अस्पतालमा खरिद गरिएका यन्त्रहरु प्रयोग नै नभएको विषयलाई पनि गम्भीर रुपमा लिनुपर्ने उहाँको भनाइ थियो ।

सांसद खगेन्द्र सुनारले नियतका कारण बेरुजु आएको हो भने त्यस्ता कार्यालयका लेखापाल र कार्यालय प्रमुखको व्यक्तिगत जाय जेथाबाट असुल उपर गर्ने व्यवस्था गरिनुपर्ने बताउनुभयो । बुझेको, लेखेको, पढेको मानिसबाट बेरुजु बढिरहेकाले यसमा नियमनका लागि आवश्यक व्यवस्था गरिनुपर्ने उहाँको भनाइ थियो ।

सांसद बुद्धरत्न महर्जनले अनुगमन समिति बनाएर बेरुजु फछ्र्यौट गर्नुपर्ने बताउनुभयो । सांसद यज्ञबहादुर बोगटीले के के कारणले बेरुजु आएको तिनलाई सम्बोधन गर्ने गरी कानुनी सुधार गरिनुपर्ने बताउनुभयो ।

सांसद गणेशसिंह ठगुन्नाले अर्थ मन्त्रालयकै रु एक खर्ब २५ अर्ब बेरुजु आउनु दुःखद् रहेको बताउँदै खर्बौं रुपैयाँ बेरुजुमा राख्नु नहुने बताउनुभयो । सांसद रुपेश रञ्जितले बेरुजु राखेर हिँड्ने कर्मचारी जुन कार्यालयमा पुगे वृत्ति विकासमा रोक लगाउनुपर्ने बताउनुभयो ।

सांसद विपनिकुमार आचार्यले समितिको बैठक समयमै सुरु गरेर अधिकतम समयको उपयोग गरी सबै निकायलाई आर्थिक अनुशासनमा ल्याउने गरी काम गर्नुपर्ने बताउनुभयो । सांसद प्रेमलाल चौधरीले कानुनी छिद्रताका कारण बेरुजुलगायत समस्या आउने गरेकाले मन्त्रालयका सचिव र कार्यालय प्रमुख यसतर्फ सचेत हुनुपर्ने बताउनुभयो ।

सांसद जनकराज गिरीले सुशासन र पारदर्शिताको नयाँ मानक खडा गरिनुपर्नेमा जोड दिनुभयो । सांसद गोविन्द पन्थीले रु तीन करोडभन्दा बढी बेरुजु हुने कर्मचारीलाई कालो सूचीमा राखिनुपर्ने बताउनुभयो । कार्यालय प्रमुखको स्वीकृति नभई खर्च नहुने भएकाले सुरुदेखि नै सचेत भए बेरुजुको अवस्था नआउने भनाइ राख्नुभयो ।

बैठकमा सांसदहरु खुस्बु ओली, क्रान्तिशिखा धिताल र अमृता विकले आर्थिक अनुशासन कायम गराउन नीति, नियममा आवश्यक सुधार एवं नयाँ निर्माण गरिनुपर्नेमा जोड दिनुभएको थियो । बैठकमा बढी बेरुजु भएका विभिन्न १० मन्त्रालयका सचिवले प्रस्तुति गर्नुभएको थियो । रासस


## भाखा नाघेको कर्जा बुझाउन बारे कृषि बिकाश बैंक लिमिटेड शाखा कार्यालय मिर्चैयाको २१ दिने सुचना

**सूचना प्रकाशित मिति : २०८३/०२/१२ गते**

यस बैंकको तपशिल बमोजिमका ब्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाषा नाघि निम्न लिखित बमोजिम रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको सावा ब्याज तथा बैंकले पाउनुपर्ने अन्य लेना रकम समेत नबुझाएका हुदा यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउन यो सुचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा बितिय संस्था सम्बन्धि ऐन २०७३, कृषि बिकाश बैंक लिमिटेड को कर्जा असुलि बिनियमावलि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य ब्यबस्था बमोजिम बैंकले सम्पूर्ण लेना रकम असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराउदछौ । साथै तपशिल बमोजिमका ब्यक्तिहरुलाई बैंकबाट कर्जा लिदा बखत मन्जुरिनामा दिनेहरुलाई समेत यसै सुचनाद्वारा जानकारी गराउदछौ ।

**तपसिल**

| क्र.स. | कर्जा ग्राहको नाम | ग्राहक आ.डि. | मिसिल नं. | ठेगाना | बुवाको नाम | बाजेको नाम | उदेश्य | सावा रकम | ०८३ जेठ मसान्त सम्मको ब्याज | तिर्नुपर्ने जम्मा सावाँ र ब्याज | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री महावीर अटो मोवाइल ट्रेड (प्रो. दिलीप कुमार साह | ६४२५९२ | ७७१९ | मिर्चैया न.पा. -५ | महावीर साह | मखन साह | व्यापार | ४०,००,००० | ३,७२,२३३ | ४३,७२,२३३ | |
| २ | अमृत सं: मिल ( प्रो.श्याम कुमार राय) | ६४२८५० | ७९१९ | फुलबरिया-६ | कैलाश राय | | व्यापार | २८,७२,०५५ | १,७१,६६३ | ३०,४३,७१८ | |
| ३ | बजंरग ईँटा उधोग (प्रो.अरुण कुमार यादव ) | ६४२८३६ | ७९०४ | राघोपुर-९ | भुवनेश्वर यादव | सोनेलाल यादव | व्यापार | ४०,००,००० | ६,५५,४२४ | ४६,५५,४२४ | |
| ४ | अविष्कार ट्रेड सेन्टर(प्रा.उदय कुमार यादव) | ६४२६६३ | ७७६६ | नरहा-९ | बहमदेव यादव | | ओ.डी र व्यापार | २४,००,००० | २,७६,६४२ | २६,७६,६४२ | |
| ५ | हरि आम जनरल स्टोर( सत्यनारायण यादव) | ६४१९२० | ५९३२ | नरहा-१ | अजिकरुद्द यादव | | व्यापार | ४६,५०,००० | ५,३७,०४७ | ५१,८७,०४७ | |
| ६ | नन्दनी जनरल सप्लायर्स(प्रो कृष्णा कु. यादव) | ६४२१३६ | ५५१६ | नरहा गा.पा.-४ | रामाशिष यादव | दुखरन यादव | व्यापार | ४६,२५,००० | ८,४८,०८९ | ५४,७३,०८९ | |
| ७ | सरोज कुमार राय | ११५१११९ | ५९४१ | मिर्चैया न.पा. -६ | राम प्रसाद | बैजनाथ | ओ.डी | ३०,००,००० | ४,७०,८५४ | ३४,७०,८५४ | |
| ८ | शिव कृषि तथा पशुपालन फर्म | ३०३०३५९ | ८२८२ | कल्याणपुर-११ | रामलखन साह | बासुदेव साह | कृषि कर्जा | १०,००,००० | १,१२,६८९ | ११,१२,६८९ | |
| ९ | सुर्यनाथ यादव | ६४२०९८ | १०९४ | नरहा-९ | कमल यादव | रामरुप यादव | सरल कृषि कर्जा | १०,००,००० | ६६३८०।०० | १०,६६,३८० | |
| १० | अनिश साह | १६८२५७६ | ८१४५ | चन्द्रअयोध्यापुर-४ | गफार साह | हमिद साह | कृषि कर्जा | ७,००,००० | ४३७२४।०० | ७,४३,७२४ | |
| ११ | अर्विन जनरल स्टोर | १६७१०१२ | | मिर्चैया-५ | राम शोभित साह | सरयुग साह | व्यापार | १६,००,००० | ६१२१९।०० | १६,६१,२१९ | |
| १२ | कृष्णा स्टेशनरी एण्ड जनरल स्टोर | १५७९६७५ | ८१३८ | कल्याणपुर-११ | विष्णुदेव प्र. यादव | रतनदेव प्र. यादव | व्यापार | २०,००,००० | ७०२८५।०० | २०,७०,२८५ | |
| १३ | भगवती उधोग ट्रेनिङ सेन्टर | ३०५१७९४ | ८३१४ | फुलबरिया-७ | चन्द्रबहादुर खपांगी | बुद्धिमान खपांगी | व्यापार | १७,०७,३१८ | १,०८,३६५ | १७,१५,६८३ | |
| १४ | शिवशक्ति डेरी उधोग | ३०६६१३८ | ८३७१ | कल्याणपुर न.पा.-९ | संजीव कुमार यादव | राज कुमार यादव | व्यापार | २९,००,००० | ५२३७०।०० | २९,२२,३७० | |
| १५ | नुरेजा खातुन | १६४५८१७ | ८१४० | कर्जन्हा-१० | शेष मुरतुजा | शेष सैदर | सरल कृषि कर्जा | ९,९५,००० | ४९३६८।०० | ९,४४,३६८ | |
| १६ | वीरेन्द्र कुमार यादव | ६४२१८९ | ७४५३ | नरहा-४ | अशोवनी कु.गुर्मैता | बैजनाथ गुर्मैता | कृषि कर्जा | १,६०,००० | ९१६२।०० | १,६९,१६२ | |
| १७ | समरी देवी दनुवार | ६४२२०२ | ७४५९ | बडहरामाल-७ | सर्जुगलाल धामी | बर्णलाल दनुवार | सरल कृषि कर्जा | २,८०,००० | १२७६७।०० | २,९२,७६७ | |
| १८ | सुकदेव ठाकुर | ६४२८०६ | ७८८५ | मिर्चैया-११,सितापुर | सगम बरही | मुखी ठाकुर | सरल कृषि कर्जा | १०,००,००० | ३५५०२।०० | १०,३५,५०२ | |
| १९ | तारा देवी | ३०३२१४४ | ७८८५ | नरहा गा.पा.-५ | गुरुदयाल यादव | सुर्तिलाल यादव | सरल कृषि कर्जा | १०,००,००० | ४११३४।०० | १०,४१,१३४ | |
| २० | जगदीश महतो | ३०६२६३७ | ८३४८ | नरहा गा.पा.-४ | उतिमलाल महतो | जगाई महतो | सरल कृषि कर्जा | ५,६५,५७५ | ६२८८५।०० | ६,२८,४६० | |
| २१ | किशोरी यादव | ६४६१३६ | ८३८८ | महेशपुर-२ | महावीर यादव | | सरल कृषि कर्जा | ६,४४,५८५ | ३६८६५।०० | ६,८१,४५० | |
| २२ | मो सहमद्द सिद्दकी | ५४१८१२८ | ८३९५ | नरहा-५ | मो. हाकिम शेख | मो. हकिम शेख | सरल कृषि कर्जा | ९,४०,००० | ५६६८२।०० | ९,९६,६८२ | |
| २३ | नैन कुमारी महतो | ६४२६०५ | ८४०३ | मिर्चैया-६ | टुनाई महतो | चलित्तर महासेठ | सरल कृषि कर्जा | ९,४०,००० | ६६४३४।०० | १०,०६,४३४ | |
| २४ | हंशलाल यादव | ६४२२३३ | ८३९७ | नरहा-५ | अबधी यादव | गोपी यादव | सरल कृषि कर्जा | ७,८३,३३३ | ५३६९७।०० | ८,३७,०३० | |
| २५ | कुसुम कुमारी चौधरी मण्डल | ३०५१७६५ | ८४८४ | मिर्चैया नगरपालिका | महेन्द्र चौधरी | लखन चौधरी | सरल कृषि कर्जा | ९,२४,३७० | ५१६१२।०० | ९,७५,९८२ | |
| २६ | सजन कुमार यादव | ५६६३२८६ | ८४८६ | नरहा गा.पा.-५ | महेन्द्र यादव | बद्री यादव | सरल कृषि कर्जा | १३,०५,८८२ | ९१०५५।०० | १३,९६,९३७ | |
| २७ | बिसुन यादव | ५५३६१८६ | ८४७० | नरहा गा.पा.-५ | राम शरण यादव | श्रीचन यादव | सरल कृषि कर्जा | १०,५३,६६० | ८७६८६।०० | ११,४१,३४६ | |
| २८ | राम आशिष यादव | ६४२१०१ | ५०६२ | नरहा-१ | चौधरी यादव | | कृषि कर्जा | ४,००,००० | २७१०२।०० | ४,२७,१०२ | |
| २९ | गुरुशरण यादव | ६४२७८१ | ७८६४ | नरहा-४ | रामआशिष यादव | दुखरन यादव | कृषि कर्जा | १०,००,००० | १,१९,७६० | ११,१९,७६० | |
| ३० | मित्र कोल्ड स्टोर जनरल सप्लायर्स | ६४२६२९ | ७७४६ | बडहरामाल- ३ | रामशरण | ठकाइ | व्यापार | ४०,००,००० | १,१६,६७२ | ४१,१६,६७२ | |
| ३१ | अर्चना देवी साह | १९५०७९५ | ७७४६ | मिर्चैया न.पा.-६ | दिलीप कुमार साह | राम दयाल महतो | घडेरी खरिद | २८,६६,००५ | १०,८९,७०७ | ३९,५५,७१२ | |
| ३२ | कमला देवी साह | ६४२८३४ | ७९०१ | कर्जन्हा-८ | पतिः सिताराम | ससुरा : विसुन | घरायसी | ६,००,००० | ४५४०२।०० | ६,४५,४०२ | |
| ३३ | निर्सि देवी यादव | ६४२०१५ | ७७४६ | नरहा-१ | बुबाः जिमदार यादव | छोराः रामबच्चन | ओ.डी. कर्जा | ९,५०,००० | ५,५२,१३५ | १५,००,१३५ | |
| ३४ | नेवी सहयोगी यादव | ६४२८७२ | ७४१७ | रामनगर-८ | छोरा : जिवछ यादव | | घरायसी | २९,५०० | ६७३५।०० | ३६,२३५ | |
| ३५ | लक्ष्मी कुमारी यादव | ६४२८०७ | ७८८६ | डुमरी-७ | पतिः ह्दय यादव | | घरायसी | ३,५०,००० | २,१५,१४२ | ५,६५,१४२ | |
| ३६ | राम विलास साह तेली | ६४२५६६ | ७६९६ | बर्छावा-७ | ढकाइ साह तेली | विलट साह तेली | घरायसी | ८,००,००० | ९,८९,०७५ | १७,८९,०७५ | |
| ३७ | हरिदेव मण्डल | १०६७४२५ | ७९४१ | रामपुर विर्ता-७ | राम भरोश मण्डल | गणपति मण्डल | घरायसी | ७,७०,००० | ११,४५,२१० | १९,१५,२१० | |
| ३८ | रामाशिष यादव | ६४२१३८ | ५४५४ | नरहा-४ | दुखरन यादव | | ओडी र कृषि | १०,००,००० | ७०२८५।०० | १०,७०,२८५ | |
| ३९ | भरत माझी | ६४२३९६ | ७३०६ | बडहरामाल-१ | गोपी माझी | घुना माझी | सरल कृषि कर्जा | १०,००,००० | ३५६५५।०० | १०,३५,६५५ | |
| ४० | राजदेव मण्डल | ५४२५३०६ | ८४०४ | कल्याणपुर न.पा.-३ | सिताराम मण्डल | जलिम मण्डल | सरल कृषि कर्जा | २०,००,००० | ७०७१२।०० | २०,७०,७१२ | |
| ४१ | प्रमोद कुमार बम्जन | ५४१७१८७ | ८४०६ | बडहरामाल-४ | पदम बहादुर | बल बहादुर | सरल कृषि कर्जा | ३,५०,०९१ | २८८३६।०० | ३,७८,९२७ | |
| ४२ | बिन्दी यादव | ६४२५७१ | ७६९९ | डुमरी-६ | रामचन्द्र यादव | | ओ.डी र कृषि | १०,००,००० | २७३२४।०० | १०,२७,३२४ | |
| ४३ | जिवछ यादव | ११९६५३२१ | ७३०६ | नरहा -४ | रामपैत यादव | जनक यादव | सरल कृषि कर्जा | १०,००,००० | ३४२२८।०० | १०,३४,२२८ | |
| मासिक कर्जाको हकमा जेठ महिना सम्म र त्रैमासिक कर्जाको हकमा असार सम्मको ब्याज उल्लेख गरिएको छ । केही दुविधा भएमा शाखामा सम्पर्क गर्नुहोला । | | | | | | | | ६,५१,६२,३७४ | ९०,७५,८१३ | ७,४२,३८,१८७ | |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय जनकपुर**

# धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/१२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
२०८३/०२/२२ गते/स्थान : सम्बन्धित शाखा कार्यालय

**बोलपत्र खोलिने मिति/समय**
२०८३/०२/२५ गते, सोमबार दिनको ३ बजे

## क्र.सं. शाखा कार्यालय : सिन्धुली

### ऋणीको नाम, ठेगाना

**१. नाम : आकृषा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौं
दर्ता नं. २२११०१/०७६/०७७, दर्ता मिति : २०७६/०४/२६, पान नं. ६०९५९४६६५, दर्ता मिति : २०७६/०४/२६
ठेगाना : सिन्धुली जिल्ला, गोलन्जोर गा.पा. वडा नं. ५, खन्यखर्क, **प्रोप्राइटर : हरि विक्रम थापा**

### जमानतकर्ताको विवरण

**१. नाम : हरि विक्रम थापा**
ना.प्र.नं. २०१०१५/१६/११२६, जि.प्र.का. सिन्धुली
जारी मिति : २०६४/०२/३०
बाबुको नाम : योगेन्द्र जंग थापा
बाजेको नाम : भुपाल जंग थापा
ठेगाना : सिन्धुली जिल्ला, गोलन्जोर गा.वि.स. वडा नं. ५

**२. नाम : सम्झना बुढाथोकी**
ना.प्र.नं. २०३०१९/२८३, जि.प्र.का. सिन्धुली
जारी मिति : २०६३/११/०५
पतिको नाम : हरि विक्रम थापा
ससुराको नाम : योगेन्द्र जंग थापा
ठेगाना : सिन्धुली जिल्ला, पु.झा. राटमाटा गा.वि.स. वडा नं. ८
हाल : सिन्धुली जिल्ला, गोलन्जोर गा.वि.स. वडा नं. ५

**३. नाम : योगेन्द्र जंग थापा**
ना.प्र.नं. ७०३, जि.प्र.का. सिन्धुली, जारी मिति : २०४९/०५/०५
बाबुको नाम : भुपाल जंग थापा, बाजेको नाम : खडग बहादुर थापा
ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. ३, सिन्धुली जिल्ला, गोलन्जोर गा.वि.स. वडा नं. ५

### धितोको विवरण

योगेन्द्र जंग थापाको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, साविक रतनचुरा गा.वि.स. वडा नं. ३ क हाल गोलन्जोर गा.पा. वडा नं. ५ स्थित कित्ता नं. २९१ र २३७ को क्षेत्रफल क्रमशः ३-०-०-० र १-८-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### ऋणीको नाम, ठेगाना

**२. नाम : भोला फेन्सी स्टोर्स**
प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलीमाडी, सिन्धुली, नेपाल
प्रा.फ.र.नं. २५३०/०७४/०७५, दर्ता मिति : २०७४/०७/१७, पान नं. ६०७१०६४१५, दर्ता मिति : २०७४/०७/१७
ठेगाना : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६, **प्रोप्राईटर : भोला साह**

### जमानतकर्ताको विवरण

**१. नाम : भोला साह**
ना.प्र.नं. १९-०२-७३-०४०६९, जि.प्र.का. सर्लाही
जारी मिति २०७३/०९/०३
बाबुको नाम : राम करण साह
बाजेको नाम : राम कृपाल साह
ठेगाना : सार्लाही जिल्ला, लालवन्दी गा.वि.स. वडा नं. ५
हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६

**२. नाम : राधे साह**
ना.प्र.नं. १९३०९५/६४, जि.प्र.का. सर्लाही
जारी मिति २०७०/०२/१२
बाबुको नाम : राम करण साह
बाजेको नाम : राम कृपाल साह
ठेगाना : सार्लाही जिल्ला, लालवन्दी गा.वि.स. वडा नं. १
हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६

### धितोको विवरण

भोला साहको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, महेन्द्रझ्याडी गा.वि.स. वडा नं. ३ ग स्थित कित्ता नं. ३४ को क्षेत्रफल ०-८-२-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

### ऋणीको नाम, ठेगाना

**३. नाम : मंगोलियन पशुपालन तथा कृषि फर्म**
प्रदेश सरकार, वागमती प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुली
प्रा.फ.र.नं. ५०४८/०७७/७८, दर्ता मिति : २०७७/०७/२४, पान नं. ६१४२४६०३८, दर्ता मिति : २०७७/०७/२८
ठेगाना : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ७, **प्रोप्राइटर : लिला बहादुर मगर**

### जमानतकर्ताको विवरण

**१. नाम : लिला बहादुर मगर**
ना.प्र.नं. २०६६०, जि.प्र.का. सिन्धुली
जारी मिति : २०५८/०५/२६
बाबुको नाम : टंक बहादुर मगर
बाजेको नाम : मान बहादुर मगर
ठेगाना : सिन्धुली जिल्ला, भिमस्थान गा.वि.स. वडा नं. ७
हाल : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ७

**२. नाम : पुनम थिङ्ग तामाङ**
ना.प्र.नं. ५९८७, जि.प्र.का. धादिङ्ग
जारी मिति : २०६२/११/०८
पतिको नाम : लिला बहादुर मगर
ससुराको नाम : टंक बहादुर मगर
ठेगाना : धादिङ्ग जिल्ला, गजुरी गा.वि.स. वडा नं. ७
हाल : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ७

### धितोको विवरण

पुनम थिङ तामाङको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, रानीचुरी गा.वि.स. वडा नं. ९ ख स्थित कित्ता नं. १३८ को क्षेत्रफल १-५-८-२ (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

### ऋणीको नाम, ठेगाना

**४. नाम : फिकल एग्रो फार्म प्रा.लि.**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय
दर्ता नं. २०३९८७/०७५/७६, दर्ता मिति २०७५/०८/२३, पान नं. ६०६५२८३२६, दर्ता मिति : २०७५/०८/२३
ठेगाना : सिन्धुली जिल्ला, तीनपाटन गा.पा. वडा नं. ९, **संस्थापक : सागर पुलामी मगर**

### जमानतकर्ताको विवरण

**१. नाम : सागर पुलामी मगर**
ना.प्र.नं. २४१९६, जि.प्र.का. सिन्धुली
जारी मिति : २०५९/०२/१९
बाबुको नाम : तिलक बहादुर पुलामी
बाजेको नाम : पुर्ण बहादुर पुलामी मगर
ठेगाना : सिन्धुली जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६
हाल : सिन्धुली जिल्ला, तीनपाटन गा.पा. वडा नं. ९

**२. नाम : टेक बहादुर पुलामी**
ना.प्र.नं. २०-०१-७२-०३५१३, जि.प्र.का. सिन्धुली
जारी मिति : २०७२/०८/०३
बाबुको नाम : तिलक बहादुर पुलामी
बाजेको नाम : पुर्ण बहादुर पुलामी मगर
ठेगाना : सिन्धुली जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६
हाल : सिन्धुली जिल्ला, तीनपाटन गा.पा. वडा नं. ९

**३. नाम : श्याम पुलामी मगर**
ना.प्र.नं. २०-०१-७२-०४६०२, जि.प्र.का. सिन्धुली
जारी मिति : २०७२/०९/१२
बाबुको नाम : तिलक बहादुर पुलामी
बाजेको नाम : पुर्ण बहादुर पुलामी मगर
ठेगाना : सिन्धुली जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६
हाल : सिन्धुली जिल्ला, तीनपाटन गा.पा. वडा नं. ९

**४. नाम : तिलक बहादुर पुलामी**
ना.प्र.नं. २४/३४०५, जि.प्र.का. सिन्धुली
जारी मिति : २०४२/०५/१६
बाबुको नाम : पुर्ण बहादुर पुलामी मगर
बाजेको नाम : अहिमत
ठेगाना : सिन्धुली जिल्ला, पोखरी गाउँ पञ्चायत वडा नं. ७
हाल : सिन्धुली जिल्ला, तीनपाटन गा.पा. वडा नं. ९

### धितोको विवरण

१. सागर पुलामी मगरको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, त्रिभुवना आमबोटे गा.वि.स. वडा नं. ९ क स्थित कित्ता नं. २२ को क्षेत्रफल ०-६-१-० बिगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. तिलक बहादुर पुलामीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, त्रिभुवना आमबोटे गा.वि.स. वडा नं. ९ क स्थित कित्ता नं. ७ को क्षेत्रफल ०-४-५-२ बिगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३. तिलक बहादुर पुलामीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, त्रिभुवना आमबोटे गा.वि.स. वडा नं. ९ क स्थित कित्ता नं. ५ को क्षेत्रफल ०-१-११-२ बिगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
४. तिलक बहादुर पुलामीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६ ख स्थित कित्ता नं. ११२, ११३, ११५ र ११६ को क्षेत्रफल क्रमशः ५-६-१-०, २-११-१-०, २-८-०-२ र ४-६-३-२ रोपनी भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### ऋणीको नाम, ठेगाना

**५. नाम : श्रेष्ठ आईरन स्टोर प्रा.लि.**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
दर्ता नं. २४५८६५/०७७/०७८, दर्ता मिति : २०७७/०७/०४, पान नं. ६०९८३७२१८, जारी मिति : २०७७/०७/०४
ठेगाना : सिन्धुली जिल्ला, तीनपाटन गा.पा. वडा नं. १, **संचालक तथा शेयरधनि : कृष्ण राज श्रेष्ठ**

### जमानतकर्ताको विवरण

**१. नाम : कृष्ण राज श्रेष्ठ**
ना.प्र.नं. २०८०३/२९७८, जि.प्र.का. सिन्धुली
जारी मिति : २०४४/११/२७
बाबुको नाम : अम्बर बहादुर श्रेष्ठ
बाजेको नाम : सन्ता कुमार श्रेष्ठ
ठेगाना : सिन्धुली जिल्ला, पाटनदेवी वडा नं. ३
हाल : सिन्धुली जिल्ला, तीनपाटन गा.पा. वडा नं. २

**२. नाम : भदैया कुमर**
ना.प्र.नं. ८१४/१११४२, जि.प्र.का. सिन्धुली
जारी मिति : २०३६/०३/०६
बाबुको नाम : हौवा कुमर
बाजेको नाम : बाबु लाल कुमर
ठेगाना : सिन्धुली जिल्ला, टाडी गा.वि.स. वडा नं. ४
हाल : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ११

### धितोको विवरण

१. भदैया कुमरको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, टाडी गा.वि.स. वडा नं. ४/४ क स्थित कित्ता नं. ८१५ को क्षेत्रफल ०-८-१५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. अम्बर बहादुर श्रेष्ठको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ५/५ ख स्थित कित्ता नं. १२९२ को क्षेत्रफल ०-३-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

### ऋणीको नाम, ठेगाना

**६. नाम : एस.डी. कृषि तथा पशुपन्छी फर्म**
नेपाल सरकार, बागमती प्रदेश, उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय सिन्धुली
सा.फ.र.नं. १२४/०७६/७७ (उद्योग व्यवसाय), दर्ता मिति २०७७/०९/०२
पान नं. ६१४५३३४९५, जारी मिति : २०७७/०९/०३
ठेगाना : सिन्धुली जिल्ला, गोलन्जोर गा.पा. वडा नं. ६, **प्रोप्राइटरहरु : मान बहादुर बराईली, थल बहादुर बि.क.**

### जमानतकर्ताको विवरण

**१. नाम : मान बहादुर बराईली**
ना.प्र.नं. १९७७८, जि.प्र.का. रामेछाप
जारी मिति : २०४८/०७/२६
बाबुको नाम : रणे बहादुर बराईली
बाजेको नाम : रिठ्ठे कामी
ठेगाना : रामेछाप जिल्ला, रामेछाप वडा नं. ७

**२. नाम : थल बहादुर बि.क.**
ना.प्र.नं. १३३०३७-२६२, जि.प्र.का. ओखलढुंगा
जारी मिति : २०६३/११/०२
बाबुको नाम : वीर बहादुर विश्वकर्मा
बाजेको नाम : राम बहादुर विश्वकर्मा
ठेगाना : ओखलढुंगा जिल्ला, चम्पादेवी गा.पा. वडा नं. १०

**३. राम कुमारी बराईली**
ना.प्र.नं. २११०१२/१०६८१, जि.प्र.का. रामेछाप
जारी मिति : २०६६/०२/११
पतिको नाम : मान बहादुर बराईली
ससुराको नाम : रणे बहादुर बराईली
ठेगाना : रामेछाप जिल्ला, रामेछाप वडा नं. ७

**४. नाम : फुल माया कामी**
ना.प्र.नं. ७५३७, जि.प्र.का. रामेछाप
जारी मिति : २०४५/०२/०४
पतिको नाम : रणे कामी
ससुराको नाम : रिठ्ठे कामी
ठेगाना : रामेछाप जिल्ला, रामेछाप वडा नं. ७

### धितोको विवरण

१. मान बहादुर बराईलीको ामममा मालपोत कार्यालय रामेछापमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला, भंगेरी गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. १९४ को क्षेत्रफल ०-१४-३-२ रोपनी भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. राम कुमारी वराईलीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, भुवनेश्वरी गा.वि.स. वडा नं. ३ ग स्थित कित्ता नं. २५३ को क्षेत्रफल ०-१-३-० रोपनी भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३. फुल माया कामीको नाममा मालपोत कार्यालय रामेछापमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला, भंगेरी गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. १२० को क्षेत्रफल ५-१४-३-०.२५ रोपनी भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

## क्र.सं. शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी

### ऋणीको नाम, ठेगाना

**१. नाम : सोनु ट्रेडर्स**
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग
दर्ता नं. ५०३२/२७/०७५/०७६, दर्ता मिति : २०७५/०७/१३, पान नं. ६०८७००६०१, दर्ता मिति : २०७५/०७/१६
ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर ना.पा. वडा नं. ५, **प्रोप्राइटर : बबिता यादव**

### ऋणी तथा जमानतकर्ताको विवरण

**नाम : विनोद यादव**
ना.प्र.नं. ३६९८२९६४, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५२/०४/११
बाबुको नाम : राम नारायण यादव, बाजेको नाम : सोनफी यादव
ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १, हाल : महोत्तरी जिल्ला, भंगहा ना.पा. वडा नं. ६

### जमानतकर्ताको विवरण

**१. नाम : रामनारायण यादव**
ना.प्र.नं. ३६९७०८१२, जि.प्र.का. महोत्तरी
जारी मिति : २०३५/११/०९
बाबुको नाम : सोनफी यादव
बाजेको नाम : प्रभु यादव
ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १
हाल : महोत्तरी जिल्ला, भंगहा ना.पा. वडा नं. ६

**२. नाम : बबिता यादव**
ना.प्र.नं. १८३०५७/२१, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/११/०८
पतिको नाम : बिनोद यादव
ससुराको नाम : रामनारायण यादव
ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १
हाल : महोत्तरी जिल्ला, भंगहा ना.पा. वडा नं. ६

### धितोको विवरण

१. बिनोद यादवको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको स्थित महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १/१ क कित्ता नं. १९६, ६९८ र र ६९७ को क्षेत्रफल क्रमशः ०-३-०-०, ०-१-१०-० र ०-१-९.७५-०, महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. २ कित्ता नं. ६०८ को क्षेत्रफल ०-२-१५-० तथा महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. ४/४ क कित्ता नं. १०७ र ५९० को क्षेत्रफल क्रमशः ०-१९-४.५-० र ०-६-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. बबिता यादवको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगंज वडा नं. ४/४ङ स्थित कित्ता ४२० र ४१७ को क्षेत्रफल क्रमशः ०-०-४.५-० र ०-०-३.५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. राम नारायण यादवको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १/१ क कित्ता नं. १०७४, ७०५, ७०७, १०८०, १०८८ र १०८६ को क्षेत्रफल क्रमशः ०-०-७.२५-०, ०-०-१३.२५-०, ०-०-१३.२५-०, ०-०-१३-०, ०-३-०-० र ०-२-१०-० तथा महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. २ कित्ता नं. ६०९ को क्षेत्रफल ०-४-५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

### ऋणीको नाम, ठेगाना / जमानतकर्ताको विवरण

**२. नाम : दान बहादुर समाल**
ना.प्र.नं. १४७८३२३१, जि.प्र.का. धनुषा
जारी मिति : २०६१/०५/३१
बाबुको नाम : ज्ञान बहादुर समाल मगर
बाजेको नाम : मेघ वरण समाल
ठेगाना : धनुषा जिल्ला, भुचक्रपुर वडा नं. २
हाल : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४

**जमानतकर्ता — नाम : अन्जना समाल**
ना.प्र.नं. १८३०७१/८८२, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/१०/१७
पतिको नाम : दान बहादुर समाल
ससुराको नाम : ज्ञान बहादुर समाल मगर
ठेगाना : महोत्तरी जिल्ला, रामनगर वडा नं. १
हाल : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४

### धितोको विवरण

१. दान बहादुर समालको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ न. बहादुरगंज वडा नं. ३, नक्सा सिट नं. ३ ख स्थित कित्ता नं. ३६०१ को क्षेत्रफल ०-०-५-० भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. अन्जना समालको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ न. बहादुरगंज वडा नं. ३, नक्सा सिट नं. ३ ख स्थित कित्ता नं. ३४७३ को क्षेत्रफल ०-०-५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

### ऋणीको नाम, ठेगाना

**३. नाम : जि.एम. फर्निचर उद्योग**
घरेलु तथा साना उद्योग, जलेश्वर, महोत्तरी
प्रा.फ नं. घ.उ.वि. ४६१९/३५/०७४/०७५, दर्ता मिति : २०७४/०९/२५
पान नं. ६०७३७९८७१, मिति : ३०/०९/२०७४
ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १, **प्रोप्राइटर : गणेश ठाकुर**

### ऋणी तथा जमानतकर्ताको विवरण

**नाम : गणेश ठाकुर**
ना.प्र.न. ८९९२४६४३, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६०/०४/०१
बाबुको नाम : रामवृक्ष ठाकुर, बाजेको नाम : छत्तर ठाकुर
ठेगाना : महोत्तरी जिल्ला, गौशाला वडा नं. ३, हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १

### जमानतकर्ताको विवरण

**१. नाम : महेश्वर ठाकुर**
ना.प्र.न. ८९९२४६३८, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६०/०३/२२
बाबुको नाम : रामवृक्ष ठाकुर
बाजेको नाम : छत्तर ठाकुर
ठेगाना : महोत्तरी जिल्ला, शिस्वाकटैया वडा नं. ३
हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १

**२. नाम : संगीता कुमारी**
ना.प्र.न. १८२०६९/६०२, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६८/०३/२८
पतिको नाम : गणेश ठाकुर
ससुराको नाम : रामवृक्ष ठाकुर
ठेगाना : महोत्तरी जिल्ला, गौशाला वडा नं. ८
हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १

**३. नाम : रागनी देवी**
ना.प्र.न. १८३०२२/२६४, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६३/१०/१६
पतिको नाम : महेश्वर ठाकुर, ससुराको नाम : रामवृक्ष ठाकुर
ठेगाना : महोत्तरी जिल्ला, शिस्वाकटैया वडा नं. ३, हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १

### धितोको विवरण

१. गणेश ठाकुरको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, शिवभक्तिखोर गा.वि.स. वडा नं. ६ ग स्थित कित्ता नं. ३०५ क्षेत्रफल ०-०-१३.७५ (बि.क.धु) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. गणेश ठाकुरको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. ३ ख स्थित कित्ता नं. ९४ क्षेत्रफल ०-७-१४ (बि.क.धु) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. महेश्वर ठाकुरको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. ३ ख स्थित कित्ता नं. ९५ क्षेत्रफल ०-७-१४ (बि.क.धु) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

## क्र.सं. शाखा कार्यालय : जनकपुर, धनुषा

### ऋणीको नाम, ठेगाना

**१. नाम : जय हनुमान ट्रेर्डस**
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग
द.नं. ७९०१/१६/०७२/०७३, दर्ता मिति : २०७२/०४/१० पान नं. ६०३२९३९८०, दर्ता मिति २०७२/०४/१०
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८, **प्रोप्राइटर : ललित कुमार वम यादव**

**नाम : श्री एल.वि. मसला उद्योग**
जनकपुर उ.म.न.पा., उप-महानगरपालीकाको कार्यालय, उद्योग विकास शाखा, जनकपुर, धनुषा
द.नं. ९४९८/२४६/०७४/७५, दर्ता मिति : २०७४/०९/०२ पान नं. ६०७३४४०५७, दर्ता मिति : २०७४/०९/२०
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८, **प्रोप्राइटर : हेम कला देवी**

**नाम : जयन्ती मत्स्य तथा पसुपालन फर्म**
प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी
द.नं. ६४११/१४७/०७५/०७६, दर्ता मिति : २०७६/०२/२८, पान नं. ६१०७७८९१७, दर्ता मिति : २०७६/०२/२९
ठेगाना : महोत्तरी जिल्ला, औराही गा.पा. वडा नं. ७, **प्रोप्राइटर : विजेता कुमारी**

### ऋणी तथा जमानतकर्ताको विवरण

**नाम : नवल किसोर राय यादव**
ना.प्र.नं. ८६२६०५९१, जि.प्र.का. महोत्तरी, जारी मिति : २०३०/०७/२४
बाबुको नाम : विजलाल राय, बाजेको नाम : सोनी राय
ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४, हाल : महोत्तरी जिल्ला, औराही गा.पा. वडा नं. ५

### जमानतकर्ताको विवरण

**१. नाम : विर अभिमन्यु यादव**
ना.प्र.नं. १८२०५४/१०३, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६५/०६/०८
बाबुको नाम : नवल किसोर राय यादव
बाजेको नाम : विजलाल राय
ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४
हाल : महोत्तरी जिल्ला, औराही गा.पा. वडा नं. ५

**२. नाम : विजेता कुमारी**
ना.प्र.नं. १७३०२८/१७४, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/११/१५,महोत्तरी
पतिको नाम : ललित कुमार वम यादव
ससुराको नाम : नवल किसोर राय यादव
ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४
हाल : महोत्तरी जिल्ला, औराही गा.पा. वडा नं. ५

**३. नाम : ललित कुमार वम यादव**
ना.प्र.नं. ८६२६५२५८, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/०८/०४
बाबुको नाम : नवल किसोर राय यादव
बाजेको नाम : विजलाल राय
ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४
हाल : महोत्तरी जिल्ला, औराही गा.पा. वडा नं. ५

**४. नाम : हेम कला देवी**
ना.प्र.नं. ८६२६३१०२, जि.प्र.का. महोत्तरी
जारी मिति : २०४३/१०/१०
पतिको नाम : नवलकिसोर राय यादव
ससुराको नाम : विजलाल राय
ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४
हाल : महोत्तरी जिल्ला, औराही गा.पा. वडा नं. ५

### धितोको विवरण

१. नवल किसोर राय यादवको नाममा मालपोत कार्यालय धनुषा, जनकपुमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ स्थित कि.नं. २३८ को क्षेत्रफल ०-०-८-० (विगाह) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. नवल किसोर राय यादवको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, श्रीपुरगा.वि.स. वडा नं. ४ ख स्थित कि.नं. १६४ को क्षेत्रफल ०-८-७-० (विगाह) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३. ललित कुमार बम यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४ क स्थित कि.नं. २४९ को क्षेत्रफल ०-५-३-० (विगाह) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
४. हेमकला देवीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, भोइल टिमकिया वडा नं. ३ क स्थित कि.नं. ३३१ र ६२० को क्षेत्रफल क्रमशः ०-८-०-० र १-९-१३-१/४ (विगाह) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### ऋणीको नाम, ठेगाना

**२. नाम : श्री लालीगुराँस इङ्गलिस वोर्डीङ्ग स्कुल धनुषा प्रा.लि.**
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय
दर्ता नं. १२६४९९/०७१/०७२, दर्ता मिति : २०७१/०५/२६, पान नं. ६०२४१५९७२, दर्ता मिति : २०७१/०९/२८
ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ८, **संचालक : राजिव कुमार यादव**

### ऋणी तजा जमानतकर्ताको विवरण

**नाम : राजिव कुमार यादव**
ना.प्र.नं. १७१०८५/३२१, जि.प्र.का. धनुषा, जारी मिति : २०६७/०६/१९
बाबुको नाम : राम बहादुर यादव, बाजेको नाम : रघुनाथ यादव
ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६, हाल : धनुषा जिल्ला, लक्ष्मिनिया न.पा. वडा नं. २

### जमानतकर्ताको विवरण

**१. नाम : जानकी कुमारी देवी**
ना.प्र.नं. ८८२१२१७३, जि.प्र.का. धनुषा
जारी मिति : २०४४/११/०४
पतिको नाम : राम बहादुर यादव
ससुराको नाम : रघुनाथ यादव
ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६
हाल : धनुषा जिल्ला, लक्ष्मिनिया न.पा. वडा नं. २

**२. नाम : संजय कुमार यादव**
ना.प्र.नं. ८८२१३०१५, जि.प्र.का. धनुषा
जारी मिति : २०५५/०४/१७
बाबुको नाम : विश्वनाथ यादव
बाजेको नाम : मुखि यादव
ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १
हाल : धनुषा जिल्ला, लक्ष्मिनिया न.पा. वडा नं. २

**३. नाम : रामविर यादव**
ना.प्र.नं. ८८२१२१७२, जि.प्र.का. धनुषा
जारी मिति : २०४४/११/०४
बाबुको नाम : रघुनाथ यादव
बाजेको नाम : लखन यादव
ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६
हाल : धनुषा जिल्ला, लक्ष्मिनिया न.पा. वडा नं. २

**४. नाम : राम बहादुर यादव**
ना.प्र.नं. ८८२१२०८०, जि.प्र.का. धनुषा
जारी मिति : २०४२/०९/२३
बाबुको नाम : रघुनाथ यादव
बाजेको नाम : लखन यादव
ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६
हाल : धनुषा जिल्ला, लक्ष्मिनिया न.पा. वडा नं. २

### धितोको विवरण

१. राम बहादुर यादवको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, अजगेवा हरिनमरी गा.वि.स. वडा नं. ८ स्थित कि.नं. १२९ को क्षेत्रफल ०-२-५-० विगाहा तथा धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कि.नं. ४७६ को क्षेत्रफल ०-०-७-० विगाहा जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. जानकी कुमारी देवीको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कि.नं. ३३६ र ३८९ को क्षेत्रफल क्रमशः ०-०-१९-० र ०-०-९-० विगाहा जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. रामविर यादवको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कि.नं. ४९४ को क्षेत्रफल ०-१-१-० विगाहा जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
४. धनी ज्योति विकास बैंक लि. भई ऋणी राजिव कुमार यादवको नाममा यातायात कार्यालय बागमतीमा दर्ता रहेको इन्जीन नं. 2NRD161862, च्यासिस नं. MBSM29BTX020583770618, सवारी नं. बा २० च ९२२७ को TOYOTA ETIOS CROSS V 1.5L सवारी साधन।

### ऋणीको नाम, ठेगाना

**३. नाम : साहिन हार्डवेयर**
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/विभाग, जनकपुर
प्रा.फ.र.नं. १२०५८/६७९/२०७५/०७६, दर्ता मिति : २०७५/०६/२६, पान नं. ६०८६३४०६९,
दर्ता मिति : २०७५/०६/२८
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७, जिरो माईल, **प्रोप्राईटर : मो. मैनुद्दीन**

### जमानतकर्ताको विवरण

**१. नाम : मो. मैनुद्दीन**
ना.प्र.नं. २६७१४८३९, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/०२/१५,
बाबुको नाम : मो. समसुल हक
बाजेको नाम : बिरो मिया
ठेगाना : महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ९

**२. नाम : सबेदा खातुन**
ना.प्र.नं. ५५०/९५४२६७१२७६८, जि.प्र.का. महोत्तरी
जारी मिति : २०४५/०२/३१
पतिको नाम : मो. समसुल हक
ससुराको नाम :बिरो मिया
ठेगाना : महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ९

**३. नाम : मु. नेजामुद्दीन**
ना.प्र.नं. २६७१३५८८, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५५/११/३०
बाबुको नाम : मो. समसुल हक, बाजेको नाम : बिरो मिया
ठेगाना : महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ९

### धितोको विवरण

सवेदा खातुनको नाममा मालपोत कार्यालय जलेश्वर महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, धिरापुर गा.वि.स. वडा नं. ५ ख स्थित कि.नं. ९३२ र ९३३ को क्षेत्रफल क्रमशः ०-१-१५-० र ०-४-०-० (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

(बाँकी पृष्ठ ७ मा)

## सडक असहजः सेवाग्राहीलाई समस्या

मुस्ताङ । जोमसोम जिल्लाको एक मात्र २५ शय्याको प्रदेश अस्पताल जोड्ने सडक असहज हुँदा सेवाग्राहीलाई असुविधा पुगेको छ ।

कालीगण्डकी करिडोर (बेनी–जोमसोम–कोरला) सडक आयोजनाले सडक स्तरोन्नति गर्ने क्रममा साबिकको सडकलाई ग्रेड डाउन गरिदिएपछि यहाँको प्रदेश अस्पताल आवतजावत गर्न कठिनाइ भएको हो ।

अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा समीक्षा कँडेलले सडक अवरोधका कारण एम्बुलेन्स तथा अन्य हलुका सवारीसाधन सञ्चालन हुन नसकेको जानकारी दिनुभयो । अस्पताल जोड्ने सडकको तीन वटा विकल्प प्रस्तुत गरिएको भए पनि हालसम्म समाधान निस्कन सकेको छैन ।

पहिलो विकल्प मुख्य राजमार्ग सडक उकासेर अस्पताल सडक सहज बनाउने, दोस्रो विकल्प आयोजनाको योजनाअनुसार व्यक्तिको घर अगाडिबाट अस्पतालको सडक लैजाने र तेस्रो विकल्प हाल प्रयोग भइरहेको सडकलाई फराकिलो बनाएर सडक सहज बनाउने विकल्प प्रस्तुत गरिएका थिए ।

सडक सञ्चालन गर्ने तीन विकल्पमध्ये कुनै पनि विकल्प कार्यान्वयनमा आउन सकेको छैन । प्रदेश अस्पताल जाने सडकको विषयमा स्थानीय प्रशासन, गाउँपालिका र अस्पताल व्यवस्थापन समितिलगायत सरोकारवालाहरुको पटक/पटक वार्ता र संवाद भए पनि कुनै सहमति हुन नसकेको प्रदेश अस्पतालले जनाएको छ । रासस

# हुलाकमार्फत सरकारी ‘कुरियर’ सेवा साठी जिल्लामा विस्तार

काठमाण्डु । सरकारले सार्वजनिक सेवा प्रवाहलाई नागरिकको घरदैलोमै पुर्‍याउने उद्देश्यले शुरु गरेको सरकारी ‘कुरियर’ सेवा अहिले देशका ६० जिल्लामा विस्तार भएको छ ।



हुलाक सेवा विभागले सरकारी सेवा वितरण प्रणालीलाई ‘डिजिटल’ र व्यवस्थित बनाउने प्रयासस्वरूप राहदानी, सवारी चालक अनुमतिपत्र (लाइसेन्स), शैक्षिक प्रमाणपत्रलगायत कागजात घरमै पुर्‍याउने कार्य तीव्र बनाएको जनाएको हो । विभागका महानिर्देशक मनमाया भट्टराई पँगेनीका अनुसार प्रारम्भिक चरणमा केही जिल्लाबाट असहयोग भए पनि अहिले अधिकांश जिल्लामा सेवा प्रभावकारी रूपमा सञ्चालन हुन थालेको छ । “तल्लो तहसम्मै संयन्त्र परिचालन गरेर सेवा विस्तार गरिरहेका छौँ । नागरिकले सरकारी कागजात लिन कार्यालय धाउनुपर्ने बाध्यता क्रमशः घट्दै गएको छ”, उहाँले भन्नुभयो ।

विभागका अनुसार कार्यक्रम सुरु भएयता हालसम्म २८ हजार १६९ वटा राहदानी सम्बन्धित जिल्लासम्म ढुवानी गरिएको छ । तीमध्ये एक हजार ६३५ वटा राहदानी सेवाग्राहीको घरमै पुगेर वितरण भइसकेको छ । जिल्ला प्रशासन कार्यालयहरूमा राहदानी आवेदन दिने क्रममा नै सेवाग्राहीको ठेगाना सङ्कलन गर्न थालिएकाले वितरण प्रक्रिया थप सहज बनेको विभागको भनाइ छ ।

यातायात सेवामा पनि हुलाक प्रणालीको प्रयोग विस्तार हुँदै गएको छ । यही जेठ ८ गतेसम्ममा चार लाख ७० हजार ८८१ वटा सवारी चालक अनुमतिपत्र सम्बन्धित यातायात कार्यालयहरूमा पठाइएको छ भने ६७१ वटा लाइसेन्स घरमै पुर्‍याइएको विभागले जनाएको छ ।

सरकारी कागजात वितरणमा मात्र सीमित नरही हुलाक विभागले शिक्षा र स्वास्थ्य क्षेत्रसँग समेत सहकार्य बढाएको छ । हालसम्म २६० वटा शैक्षिक प्रमाणपत्र वितरण भइसकेका छन् । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा ४८८ वटा प्रयोगशाला नमूना ढुवानी गरिएको विभागले जनाएको छ । सुर्खेत, बाँके र काठमाडौँबाट प्रयोगशाला नमूना ढुवानी सेवा सुरु गरिएको हो ।

नेपाल टेलिकमसँग सहकार्य गरी सिमकार्ड घरमै पुर्‍याउने सेवा सुरु गर्ने तयारी भइरहेको छ । मध्यपश्चिम विश्वविद्यालयसँग प्रश्नपत्र, उत्तरपुस्तिका तथा प्रमाणपत्र ढुवानी कार्य सुरु भइसकेको छ भने नेपाल खुला विश्वविद्यालयसँग शैक्षिक प्रमाणपत्र ढुवानीबारे छलफल जारी रहेको विभागले जनाएको छ ।

त्यसैगरी, राष्ट्रिय स्वास्थ्य, शिक्षा तथा सूचना केन्द्रसँग डाँक ढुवानीसम्बन्धी सम्झौताको प्रारम्भिक मस्यौदा तयार भइसकेको छ । नेपाल टेलिकमबाट वितरण गरिने सामग्री हुलाकमार्फत ढुवानी गर्ने विषयमा पनि छलफल भइरहेको विभागले जानकारी दिएको छ ।

त्यस्तै, विभागले अब निजी क्षेत्रका सामग्री ढुवानी गर्ने विषयमा पनि छलफल अघि बढाएको जनाएको छ ।

अन्तरराष्ट्रिय कुरियर सेवातर्फ पनि उल्लेख्य प्रगति देखिएको विभागको दाबी छ । हवाई सेवा प्रदायक कम्पनीहरूसँग छलफल गरी थप देशसँग हुलाक पहुँच विस्तार गर्ने तयारी भइरहेको महानिर्देशक भट्टराईले बताउनुभयो । सीमित स्रोतसाधनका बाबजुद सेवा प्रणालीमा स्तरोन्नति गर्ने काम भइरहेको उहाँको भनाइ छ ।

प्रणालीगत सुधारअन्तर्गत राहदानी विभागसँग प्रणाली अन्तरआबद्धता गर्न अध्ययन समिति गठन गरिएको छ भने महालेखा नियन्त्रक कार्यालयसँग प्रणाली एकीकरणका लागि पहल भइरहेको छ । पोस्टल इन्टरनल ट्र्याकिङ सिस्टम (पिट्स) मा पोस्टल कोड स्तरोन्नति गर्ने कार्य पनि अघि बढाइएको विभागले जनाएको छ ।

सरकारले परम्परागत हुलाक सेवाको स्वरूप परिवर्तन गर्दै त्यसलाई आधुनिक सरकारी सेवा वितरण प्रणालीका रूपमा रूपान्तरण गर्न खोजिरहेको भए पनि सेवा अझै प्रारम्भिक चरणमै छ । अधिकांश जिल्लामा सेवा प्रभावकारी रूपमा कार्यान्वयन हुन बाँकी रहेकाले वितरणको गति, पारदर्शिता र विश्वसनीयतामा सुधार आवश्यक देखिन्छ । तर, नागरिकलाई सरकारी सेवा घरमै पुर्‍याउने अवधारणाले भने प्रशासनिक पहुँचलाई थप सहज र आधुनिक बनाउने सङ्केत गरेको छ । रासस

# पर्यटकको रोजाइमा कोशी टप्पु

धरान । आर्थिक वर्ष २०८१ / ८२ मा ११ हजार ६०३ पर्यटकले कोशी टप्पु आरक्ष भ्रमण गरेको कोशी टप्पु वन्यजन्तु आरक्ष कार्यलयले जनाएको छ ।

भ्रमण गर्नेमा आन्तरिक पर्यटक ११ हजार २१४ र सार्क मुलुकबाट ४२ महिला र ४५ पुरुष गरी ८७ जना तथा अन्य मुलुकबाट १५१ महिला र १५१ पुरुष गरी ३०२ विदेशी पर्यटक रहेको आरक्ष प्रमुख एवं वरिष्ठ संरक्षण अधिकृत भूपेन्द्रप्रसाद यादवले जानकारी दिनुभयो ।

जैविक विविधता, दुर्लभ वन्यजन्तु तथा शान्त वातावरणका कारण आरक्ष आन्तरिक र बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ । सुनसरी र सप्तरी जिल्लाभित्र सप्तकोशी नदीले बनाएको टापु क्षेत्रमा फैलिएको यस आरक्ष जङ्गली भैंसी (अर्ना) का लागि प्रसिद्ध छ । कोशी टप्पु रैथाने अर्ना पाइने नेपालको एक मात्र संरक्षित क्षेत्र मानिन्छ ।

सन् १९८७ देखि यो क्षेत्र रामसार सूचीमा सूचीकृत छ । यहाँ घडियाल, मगरगोही, सोंस (डल्फिन) तथा विभिन्न प्रजातिका माछा पनि पाइन्छन् । चराचुरुङ्गीको उच्च विविधताका कारण कोशी टप्पुलाई ‘चराहरूको राजधानी’ समेत भनिन्छ ।रासस

# छुमचौरमा मार्सीधान रोपाइँ

जुम्ला । पातारासी गाउँपालिका-३ स्थित छुमचौरमा धान रोपाइँ सुरु भएको छ । चिसोका कारण असारमा रोपेको धान समयमै नपाक्ने भएकाले यहाँ जेठमै धान रोप्ने परम्परा छ ।



गाउँपालिकाको कृषि शाखाको आयोजनामा कृषि विकास कार्यालयका कर्मचारीलागायत स्थानीयको सक्रियतामा छुमचौरको जिउलोमा धान महोत्सव आयोजना गरी रोपाइँ सुरु गरिएको गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले जानकारी दिनुभयो ।

पछिल्लो समय बजारमा मार्सी चामलको माग उच्च रहे पनि यसको उत्पादन घट्दै गएको छ । मार्सी लोप हुन नदिन गाउँपालिकाको छुमचौर जिउलोमा सामूहिक रोपाइँ गर्ने चलन सुरु गरेको प्रमुख प्रशासकीय अधिकृत हेम शर्मा चापागाईंले जानकारी दिनुभयो ।

जिल्लामा दुई हजार ८८८ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ । जसमध्ये एक हजार ६८ हेक्टर अर्थात् ३७ प्रतिशत क्षेत्रफलमा रैथाने जुम्ली मार्सी धान उत्पादन हुने गरेको कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले बताउनुभयो ।

गत वर्षको कात्तिकदेखि फागुन मसान्तसम्मको अवधिमा जिल्लाबाहिर करिब १७५ मेट्रिक टन जुम्ली मार्सीधानको चामल बिक्री वितरणबाट करिब रु तीन करोड ५० लाख किसानले आम्दानी गरेको कृषि विकास कार्यालयका प्रमुख अधिकारीको भनाइ छ ।रासस

# केराखेतीभित्र बहुबालीमा किसानको आकर्षण बढ्दो



टीकापुर । कैलालीका किसान बहुबाली खेतीतर्फ आकर्षित भएका छन् । केराखेती गर्ने किसानले केराखेतीसँगै मकै, खुर्सानी, तोरी खेतीलगायत गर्न थालेका छन् ।

टीकापुर नगरपालिका-४ बाघमाराका किसान टेकेन्द्र धामीले केरा खेतीभित्र मकैखेती गर्नुभएको छ । उहाँ यसवर्ष मकैको दुई बाली लिने तयारीमा हुनुहुन्छ । केराखेतीभित्र एकपटक उत्पादन भएको मकै बेचिसक्नुभएका धामीको बारीमा फेरि केरासँगै मकै फस्टाउँदै गएको छ ।

धामीले साढे ६ बिघा जमिनमा केराखेतीसँगै मकैखेती गर्नुभएको छ । एकपटक लाखौँ रुपैयाँ बराबरको मकै उत्पादन लिइसक्नुभएका उहाँको बारीमा फेरि मकैखेती फष्टाएको छ । “तयार भएको मकै चैतमा बजारमा हरियो नै बेचियो, पोलेर बिक्री गर्ने भएकाले खपत राम्रै भयो”, उहाँ भन्नुहुन्छ, “अब अर्को मकै बालीबाट ४५ क्विन्टल जति उत्पादन हुने अनुमान गरेको छु । यो बाली साउनको पहिलो सातातिर तयार हुन्छ, यसले पनि राम्रै बजार पाउँछ ।”

लामो समयदेखि २१ विघामा केराखेती गरिरहनुभएका धामीले गतवर्ष पनि केराखेती भित्र खुर्सानी र तोरी खेती गर्नुभएको थियो । केराखेती गरिरहनुभएका उहाँले विगतमा गरिने केरा खेतीको समय परिवर्तन गर्नुभएको छ । विगतमा असारमा केरा रोप्ने गर्नुभएका धामीले दुई वर्षदेखि मङ्सिरमा आधा जमिनमा केरा रोप्नुभयो ।

“असारमा रोपेको केरा भदौमा तयार हुन्छ, सबैले असारमै रोप्ने गर्नाले चिसो मौसममा राम्रो केरा नपाइने समस्या हुन्छ । त्यसैले मैले केरा दुई समयमा रोप्न थालेको छु”, धामी भन्नुहुन्छ, “मङ्सिरमा रोपेको केरामा बहुबाली खेती गर्ने गरेको छु । यसरी खेती गर्दा वर्खामा हावाहुरीले गर्ने क्षतिबाट जोगिन्छ । विपद्बाट जोगिने र दुईभन्दा बढी बाली उत्पादन लिन सकिन्छ ।”

टीकापुर-५ पहाडीपुरका किसान शेरबहादुर साउदले गत वर्ष असारमा केरा रोप्नुभयो । केरा खेतीको बीचमा असोज महिनामा उहाँले मकै र तोरी खेती गर्नुभयो । “एक बिघा जमिनमा प्रयोग गरौँ भनेर खेती गरे, केराको दायाबाया कमै र बीचमा तोरी छरे”, उहाँ भन्नुहुन्छ, “दुई क्विन्टलभन्दा बढी तोरी उत्पादन भयो । रु ४० हजारको त हरियो मकै बिक्री गरे, ६० किलो जति दाना मकै पनि छ ।”

बेमौसमी मकै तयार भएकाले राम्रो फाइदा भएको साउदको भनाइ छ । उहाँको बारीमा अहिले केरा राम्रो फस्टाएको छ । “केरा खेतीबाट पनि करिब रु ५ लाखसम्म आम्दानी लिन सकिन्छ”, उहाँ भन्नुहुन्छ, “मैले पाँच बिघा जमिनमा केराखेती गरेको छु, केराभित्र अन्य बाली उत्पादन लिन सकिन्छ । रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गोलबजार, सिरहाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०२/१२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

| ऋणीको विवरण | |
|---|---|
| असर्फी यादवको नाति, राम नारायण यादवको छोरा, सिरहा जिल्ला, साविक सन्हैठा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ बस्ने **विरेन्द्र कुमार यादव** (ना.प्र.नं. ६८३/६/१०७३, जारी मिति २०४४/०३/०९ जि.प्र.का. सिरहा) । | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. राम नारायण यादवको बुहारी, विरेन्द्र कुमार यादवको पत्नि, सिरहा जिल्ला, साविक सन्हैठा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ बस्ने **फुल कुमारी देवी यादव** (ना.प्र.नं. १२४३२/८२०३३७२०, जारी मिति २०५६/०९/१३, जि.प्र.का. सिरहा) । | २. राम नारायण यादवको नातिनी, विरेन्द्र कुमार यादवको छोरी, सिरहा जिल्ला, साविक असनपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ बस्ने **पुजा कुमारी यादव** (ना.प्र.नं. १५-०१-६९-०२६६२, जारी मिति २०६९/०७/१४, जि.प्र.का. सिराहा) । |
| **धितोको विवरण** | |
| १. विरेन्द्र कुमार यादव (ना.प्र.नं. ६८३/६/१०७३, जारी मिति २०४४/०३/०९ जि.प्र.का. सिरहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक असनपुर गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६ क स्थित कि.नं. ८०७, ८०८, ८०९ र ८०६ को क्षेत्रफल क्रमश : ०-०-२.५-०, ०-०-२.५-०, ०-०-२.५-० र ०-०-२.५-० (विगाहा) बमोजिमको जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. फुल कुमारी देवी यादव (ना.प्र.नं. १२४३२/८२०३३७२०, जारी मिति २०५६/०९/१३, जि.प्र.का. सिरहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक असनपुर गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६ क स्थित कि.नं. ७७२ र ७७३ को क्षेत्रफल क्रमश : ०-०-२.५-० र ०-०-२.५-० (विगाहा) बमोजिमको जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

Siddhartha Bank

शाखा कार्यालय : गोलबजार, सिरहा
फोन नं. ०३३-५४०५११
Website : www.siddharthabank.com



| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : आदित्य टेन्ट हाउस**<br>प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोतरी<br>दर्ता नं. ८२२२/११७०/०७७/०७८, दर्ता मिति : २०७७/१२/२२, पान नं. ६१३८३१३२१, दर्ता मिति : २०७७/०६/१४<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११, खयरमारा, **संचालक : सुरेश कुमार महतो** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : सुरेश कुमार महतो**<br>ना.प्र.नं. ०५००२६२१, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/०६/०२<br>बुवाको नाम : रघुनाथ महतो<br>बाजेको नाम : शिया शरण महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला, बेलगाछी वडा नं. ३<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ | **२. नाम : उमेश कुमार महतो**<br>ना.प्र.नं. १८-०५-७५-०२१९५, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७५/११/१९<br>बाबुको नाम : रघुनाथ महतो<br>बाजेको नाम : शिया शरण महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ |
| | **३. नाम : राधेश्याम महतो**<br>ना.प्र.नं. ०५००२६२२, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/०६/०२<br>बाबुको नाम : रघुनाथ महतो<br>बाजेको नाम : शिया शरण महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला, बेलगाछी वडा नं. ३<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ | **४. नाम : रघुनाथ महतो**<br>ना.प्र.नं. ०५००१९७२, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५०/०१/१४<br>बाबुको नाम : शिया शरण महतो कोइरी<br>बाजेको नाम : गंगाई महतो कोईरी<br>ठेगाना : महोत्तरी जिल्ला, बेलगाछी वडा नं. ३<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ |
| | **५. नाम : राम वतिया देवी**<br>ना.प्र.नं. १८३०७०/८९८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/१८<br>पतिको नाम : रघुनाथ महतो<br>ससुराको नाम : शिया शरण महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला, बेलगाछी वडा नं. ३<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ | **६. नाम : चुनि कुमारी कुशवाहा**<br>ना.प्र.नं. १८३०७०/४४, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७०/०२/१३<br>पतिको नाम : राधेश्याम महतो<br>ससुराको नाम : रघुनाथ महतो<br>ठेगाना : महोत्तरी जिल्ला, बेलगाछी वडा नं. ३<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ |
| | **७. नाम : अनिता कुमारी महतो**<br>ना.प्र.नं. १८३०७०/४, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७०/०२/१२<br>पतिको नाम : सुरेश कुमार महतो, ससुराको नाम : रघुनाथ महतो<br>ठेगाना : महोत्तरी जिल्ला, बेलगाछी वडा नं. ३, हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ | |
| | **धितोको विवरण** | |
| | रघुनाथ महतोको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, खयरमारा वडा न. ४/४ क स्थित कित्ता नं. ६१२ र ६१४ को क्षेत्रफल क्रमशः ०-१-९-० र ०-०-११-० भएको जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| | **ऋणीको नाम, ठेगाना** | |
| २. | **नाम : ग्रिन नेशनल एसेम्बल उद्योग**<br>प्रदेश सरकार, प्रदेश न.२, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यलय धनुषा, जनकपुर<br>दर्ता नं. १४३५६/१६३५/०७७/०७८, दर्ता मिति : २०७८/०१/०९, पान नं. ६१५८८७८३८, दर्ता मिति : २०७८/०१/१०<br>ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६, **प्रोपाइटर : चाँदनी परविन** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : चाँदनी परविन**<br>ना.प्र.नं. १७-०१-७४-०८००७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०७४/०७/१४<br>पतिको नाम : शाहजेब अनवर होदा<br>ससुराको नाम : मोहमद नुरुल होदा<br>ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६ | **२. नाम : मोहमद नुरुल होदा**<br>ना.प्र.नं. १७३०९६/७९८, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१०/११<br>बाबुको नाम : मोहमद अबदुल होदा<br>बाजेको नाम : फजल करीम<br>ठेगाना : धनुषा जिल्ला, ढल्केवर वडा नं. ३<br>हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६ |
| | **३. नाम : शाहजेव अनवर होदा**<br>ना.प्र.नं. १७३०९६/५८, जि.प्र.का. धनुषा, जारी मिति : २०७०/०२/२४<br>बाबुको नाम : मोहमद नुरुल होदा, बाजेको नाम : मोहमद अव्दुल होदा<br>ठेगाना : धनुषा जिल्ला, ढल्केवर वडा नं. ३, हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६ | |
| | **धितोको विवरण** | |
| | चाँदनी परविनको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, ढल्केवर वडा नं. ५ ख र ६ क स्थित कित्ता नं. ४३१ र ४६५ को क्षेत्रफल क्रमशः ०-१-८-८ र ०-१-५-० को भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| क्र.सं. | **शाखा कार्यालय : रुपनी, सप्तरी** | |
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : जनत खरिद विक्री**<br>नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग<br>प्रा.फ.र.नं. २९२७/०७१/०७२, दर्ता मिति : २०७२/०३/१४, पान नं. ६०३२५६३५०, दर्ता मिति : २०७२/०३/१४<br>ठेगाना : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ८, **प्रोप्राइटर : मो.जनत मियाँ** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : जनत मियाँ**<br>ना.प्र.नं. ६८७१, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०५४/०४/१७<br>बाबुको नाम : इद्रिस मियाँ<br>बाजेको नाम : सहमुद मियाँ<br>ठेगाना : सप्तरी जिल्ला, रुपनगर गा.वि.स. वडा नं. ४<br>हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. १२ | **२. नाम : इद्रीस मियाँ**<br>ना.प्र.नं. ८०१६१०२०, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६२/११/०९<br>बाबुको नाम : सहमुद मियाँ<br>बाजेको नाम : मंगल मियाँ<br>ठेगाना : सप्तरी जिल्ला, रुपनगर गा.वि.स. वडा नं. ४<br>हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. १२ |
| | **धितोको विवरण** | |
| | जनत मियाँको नाममा मालपोत कार्यालय कञ्चनरुप, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला, रुपनगर गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. ७२९ को क्षेत्रफल ०-२-० विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| क्र.सं. | **शाखा कार्यालय : चपुर, रौतहट** | |
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : अर्थ मोवाइल एण्ड ल्याटप केयर**<br>प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उधोग कार्यालय, गौर, नेपाल<br>दर्ता नं. ७५४२/९३ चन्द्रपुर, दर्ता मिति : २०७६/०४/१९, पान नं. ६११२३०७००, दर्ता मिति : २०७६/०४/२२<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४, **प्रोप्राइटर : पृथ्वी नारायण चौधरी** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : शिव देवी**<br>ना.प्र.नं. ३२३०८२-७३३, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६४/०१/०९<br>पतिको नाम : अनुठा चौधरी<br>ससुराको नाम : तपसी खाँ थारु<br>ठेगाना : रौतहट जिल्ला, जुडिबेला गा.वि.स. वडा नं. २<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० | **२. नाम : पृथ्वी नारायण चौधरी**<br>ना.प्र.नं. ३२२०८२/१२६६, जि.प्र.का. रौतहट<br>जारी मिति : २०७०/०७/२१<br>बाबुको नाम : अनुठा चौधरी<br>बाजेको नाम : तपसी खाँ थारु<br>ठेगाना : रौतहट जिल्ला, डुमरिया गा.वि.स. वडा नं. ५<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० |
| | **धितोको विवरण** | |
| | शिव देवीको नाममा मालपोत कार्यालय रौतहट, चन्द्रपुरमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ८११ को क्षेत्रफल ०-३-०-० (बि.क.धु.क.) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank

(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल, फोन नं. ०१-५९७०३०६-१२

शाखा कार्यालय : सिन्धुली, फोन नं. ०४७-५२१०९३, रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३, जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५, बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६, रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२ चपुर, रौतहट, फोन नं. ०५५-५४०७५८

Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# आन्दोलनले अस्पताल प्रभावित



**टुडे सामचारदाता**

जनकपुरधाम । प्रादेशिक अस्पताल जनकपुरधाममा भइरहेको विरोध प्रदर्शनले अधिकांश चिकित्सकहरु पेनडाउनमा बसेपछि बिरामीहरु विचल्लीमा परेका छन । चिकित्सकहरु नै पेनडाउनमा बसेपछि प्रादेशिक अस्पतालका विभिन्न वार्ड प्रभावित भएपछि बिरामीहरु विच्चलीमा परेको हो ।

एक सुत्केरी महिलाको उपचारको क्रममा मृत्यु भएपछि उपचारमा संलग्न चिकित्सकहरु नै दोषी रहेको भन्दै तिनीहरुको कारवाहीको माग गर्दै मृतकका आफन्त पक्षसहित युवाहरु प्रदर्शनमा उत्रेपछि सुरक्षाको कारण देखाउँदै चिकित्सकहरु समेत पेनडाउन गरी आन्दोलन शुरु गरेका हुन् ।

उनीहरु गत तीनदिनदेखि पेनडाउन गरेपछि ओपिडी सेवा प्रभावित बनेको हो । दुवै पक्षको आन्दोलनले विभिन्न जिल्लाबाट आउने सयौं गरिब, निमुखा बिरामीहरु फर्केर जानुपर्ने वा महँगो खर्चमा निजी अस्पतालमा उपचार गराउने लगायतका सास्ती भोग्न बाध्य भएका छन् । उपचार, चेकजाँच नपाउँदा उनीहरुमा बिच्चली भएको छ ।

चिकित्सकहरुको पेनडाउनका बावजूत केही चिकित्सकहरुले सेवा दिइरहेपनि बिरामीको चाप बढी भएको कारण अस्तव्यस्त बनेको छ । अधिकांश बिरामी फर्किने वा निजी क्लिनिकमा जानुपर्ने बाध्यता रहेको छ ।

अस्पताल जस्तो संवेदनशिल क्षेत्रमा यस्ता आन्दोलनले चिकित्सकमाथिको विश्वास र भरोसा घट्दै गएको छ भने उपचारको क्रममा हुने मृत्युको विषयलाई चिकित्सकको लापरवाहीसँग जोडेर पटक पटक आन्दोलन गर्ने प्रवृतिले अस्पताल जस्तो क्षेत्रमा संवेदनशीलता बढदै गएको छ । विरामीहरुले ओपिडी टिकट कटाउने, उपचारका लागि लाम बस्ने, उपचार हुने आसमा बस्ने गर्दा अस्पतालमा भीडभाड भएको छ भने अझै उपचार पाउन सकेको छैन् ।

प्रसुति महिलाको मृत्यु घटनामा अस्पताल प्रशासनले शल्यक्रियामा संलग्न दुई चिकित्सकलाई निलम्बन निलम्बन गर्दा चिकित्सक सँघले उपचारको क्रममा मृत्यु हुने घटनामा निलम्बन गर्नु उचित नरहेको अडान लिएपछि अन्य डाक्टर, कर्मचारीहरुले पेन डाउनमा उत्रेका छन् ।

पेनडाउनमा बसेका चिकित्सकहरुले हरेक घटनामा चिकित्सकलाई दोषी देखाएर आत्मसम्मान ठेस पुऱ्याउनु, सुरक्षा र संवेदनशीलताको वातावरण खल्बलाउनु कार्यले पेनडाउन गर्नुपरेको बताएका छन् । उनीहरुले अस्पतालमा बिरामीको ज्यान जाने लगायतका कुनै घटना भए त्यसको विशेषज्ञ टीमद्वारा छानबीन गरेर कारवाही गर्नुको सट्टा हरेक घटनामा चिकित्सकलाई दोषी करार गरी निलम्बन गर्ने लगायतका क्रियाकलापले पेशा नै संकटमा पर्ने अवस्था श्रृजना भएको बताएका छन् । उनीहरुले सुरक्षाको ग्यारेन्टी र काम गर्ने वातावरण निर्माण नभएसम्म पेनडाउन जारी रहने बताएका छन् ।

यद्यपी, दुवै पक्षबीच सम्झौता भईसकेपनि डाक्टर हरुको पेनडाउन भएको कारण अवस्था तनावमय बनेको छ । यसलाई चिकित्सकहरुले नीजि अस्पतालमा विरामी पठाउने षडयन्त्र भन्दै केही विरामीका आफन्तले आक्रोस समेत पोखेका छन् । तर अस्पताल प्रशासनले सुरक्षाको अवस्था देखाउँदै पेनडाउन गर्नुपरेको बताउँदै आएका छन् ।

# अनौपचारिक आर्थिक कारोबारले समस्या




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा हुने आर्थिक कारोबार अनौपचारिक क्षेत्रमा केन्द्रित रहेकाले त्यसको समाधान गर्नुपर्ने एक अध्ययनले देखाएको छ ।

नेपाल राष्ट्र बैंकको एक अध्ययन अनुसार खुला सीमाका कारण हुने अवैध व्यापार, न्यून गुणस्तरका आयातित वस्तु तथा अनौपचारिक कारोबारको समस्या सामाधान गर्नुपर्ने अध्ययनले औंल्याएको छ । करको दायरा विस्तार, व्यवसाय दर्ता तथा डिजिटल कारोबार प्रवर्द्धन गर्न आवश्यक रहेको अध्ययनले औंल्याएको हो ।

संघ, प्रदेश तथा स्थानीय तहबीच नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा समन्वय गरेर मधेश प्रदेशको अर्थतन्त्रमा सुधार गर्नु पर्ने राष्ट्र बैंकले जनाएको छ । आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन ८ खर्ब ६३ अर्ब ३३ करोड रुपैयाँ तथा आर्थिक वृद्धिदर १.३१ प्रतिशत रहने अनुमान छ ।

आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ र ६१.८१ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान कृषि, वन तथा मत्स्य क्षेत्रको (३४.९७ प्रतिशत) तथा सबैभन्दा कम योगदान खानी तथा उत्खनन क्षेत्रको (०.१४ प्रतिशत) रहने अनुमान गरिएको छ ।

आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशको प्रतिव्यक्ति गार्हस्थ उत्पादन अमेरिकी डलरमा ९३४ हुने अनुमान रहेको छ । चालु आवको सो अवधिमा मधेश प्रदेशमा तरकारी तथा बागवानीले ओगटेको क्षेत्रफल ४५.२४ प्रतिशतले वृद्धि भएको छ भने खाद्य तथा अन्य बालीले ओगटेको क्षेत्रफल १०.४९ प्रतिशत र फलफूल तथा मसला बालीले ओगटेको क्षेत्रफल ५.१५ प्रतिशत घटेको केन्द्रीय बैंकले जनाएको छ ।

चालु आवको सो अवधिमा तरकारी तथा बागवानी उत्पादन ५.२३ प्रतिशत र फलफूल तथा मसलाको उत्पादन २३.८९ प्रतिशत वृद्धि भएको छ भने खाद्य तथा अन्य बालीको उत्पादन १८.१३ प्रतिशत कमी आएको अध्ययनमा उल्लेख छ ।

चालु आवको पुससम्ममा पशुजन्य उत्पादनतर्फ दूध, मासु र अण्डाको उत्पादन क्रमशः ११.०६ प्रतिशत, ३३.९८ प्रतिशत र २३.४६ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, माछाको उत्पादन ८.०३ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादन अन्तर्गत काठको उत्पादन १०.०९ प्रतिशत र दाउराको उत्पादन ३०.८० प्रतिशतले वृद्धि भएको छ ।

२०८२ पुस मसान्तमा मधेश प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा ६० अर्ब ९७ करोड कर्जा प्रवाह भएको छ, जुन मधेश प्रदेशमा प्रवाहित कुल कर्जाको १२.१९ प्रतिशत हुन आउँदछ ।

चालु आवको पुससम्ममा उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा २९.७६ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जामा २.६७ प्रतिशतले वृद्धि भई १ खर्ब २८ अर्ब ४७ करोड रुपैयाँ कायम भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा १ खर्ब २५ अर्ब १३ करोड रहेको थियो ।

चालु आव पुससम्म घरजग्गा रजिष्ट्रेसन संख्या ४८ हजार ९ सय १० रहेको छ भने घर जग्गा रजिस्ट्रेसन राजस्व २ अर्ब २ करोड संकलन भएको छ । २०८२ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले मधेश प्रदेशबाट परिचालन गरेको निक्षेप २०.९० प्रतिशतले वृद्धि भई ४ खर्ब २७ अर्ब २७ करोड पुगेको छ । कर्जा प्रवाह भने २.३९ प्रतिशतले वृद्धि भइ ५ खर्ब ७ करोड कायम भएकोछ ।

चालु आवको पुसम्ममा मधेश प्रदेशमा कुल सरकारी/सामुदायिक अस्पतालको संख्या २५ प्रतिशत, चिकित्सकको संख्या १६.६७ प्रतिशत र शैया संख्या ६.८५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी समीक्षा अवधिमा निजी अस्पतालको संख्या ४.७६ प्रतिशत, चिकित्सकको संख्या १५.०२ प्रतिशत र शैयाको संख्या ६.१७ प्रतिशतले वृद्धि भएको अध्ययनमा भनिएको छ ।

मधेश प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनामा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पूर्व-पश्चिम रेलमार्ग, हुलाकी राजमार्ग, काठमाडौं तराई मधेश द्रुतमार्ग आयोजना र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयनकै चरणमा छन् । ती आयोजनामध्ये हुलाकी सडक मार्ग निर्माणको गति तुलनात्मक रुपमा तीव्र भइरहेको दाबी गरिएको छ ।

# लालपुर्जा माग्दै अनशन

**टुडे समाचारदाता**

राजविराज । जग्गाको लालपुर्जाको माग गर्दै सुकुम्बासीहरुले राजविराज नगरपालिकाको सभाकक्षमा रिले अनशनमा बसेका छन् । सरोकारवाला निकायलाई सातदिने अल्टिमेटमसहित बुझाएको ज्ञापनपत्रमा सरोकारवाला निकायले कुनै चासो नदेखाएको भन्दै उनीहरू शुक्रबारदेखि अनशनमा बसेका हुन् ।

राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविन र राजविराजवासीबिच भएको वार्ता निष्कर्षविहीन र आश्वासनमा सीमित भएपछि बाध्य भएर वार्तास्थलमै रिले अनशन सुरु गरिएको आन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले जानकारी दिएका छन् ।

आन्दोलन परिचालन समितिले यसअघि वैशाख २४ गते नगरका लालपुर्जाविहीन पाँच हजार दुई सय परिवारलाई लालपुर्जा प्रदान गर्नुपर्ने एक सुत्रीय माग अघि सार्दै प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, नापी कार्यालय, भूमिसुधार तथा मालपोत कार्यालय र राजविराज नगरपालिका कार्यालयलाई सातदिने अल्टिमेटमसहितको ध्यानाकर्षणपत्र बुझाएको थियो तर उक्त समय सकिसके पनि सरोकारवाला निकायले ध्यान नदिएको भन्दै उनीहरू अनशनमा बसेका हुन् ।

राजविराज नगर स्थापनाकालदेखि नै बसोबास गर्दै आएका पाँच हजारभन्दा बढी परिवारको खोसिएको अधिकार फिर्ता गरी तत्काल जग्गाधनी लालपुर्जा प्रदान नगरेसम्म आन्दोलन जारी रहने उनीहरूले बताएका छन् ।

# सुरक्षित आश्रय स्थल हस्तान्तरण

**दिलीप पाण्डे**

रौतहट।राजदेवीनगरपालिकाको वडा नं. ८ लक्ष्मीपुरमा निर्माण गरिएको "सुरक्षित आश्रय स्थल" सोमबार एक विशेष कार्यक्रमबीच समुदायलाई हस्तान्तरण गरिएको छ ।

बेलायत सरकारको आर्थिक सहयोगमा सञ्चालित रेन परियोजना अन्तर्गत पिपुल इन निड नेपालको नेतृत्व, डिसिए नेपालको सह नेतृत्व, लिबर्ड नेपालको सहकार्य तथा राजदेवी नगरपालिकाको सहजीकरण एवं समन्वयमा उक्त सुरक्षित आश्रय स्थल निर्माण सम्पन्न भएको हो ।

राजदेवी नगरपालिकाका नगर प्रमुख भिखारी राय यादवको अध्यक्षतामा सम्पन्न हस्तान्तरण कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव राजेन्द्र शर्मा प्रमुख अतिथिका रूपमा सहभागी रहेका थिए । कार्यक्रममा डिसिए नेपालकी प्रमुख सम्झना बिष्ट,पिपुल इन निड का दिपेन्द्र ठाकुर, जग्गादाता राजो देवी,उपमेयर राजकुमारी



साह,उपसचिव बिकाउ यादब, विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, समाजसेवी तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि राजेन्द्र शर्माले विपद् को समयमा नागरिकको ज्यान जोगाउन सुरक्षित आश्रय स्थल अत्यन्त प्रभावकारी पूर्वाधार हुने बताए । उनले जलवायु परिवर्तनका कारण बढ्दो बाढी तथा प्राकृतिक विपद्को जोखिमलाई ध्यानमा राख्दै यस्ता संरचनाले स्थानीय तहको विपद् व्यवस्थापन क्षमतालाई थप सुदृढ बनाउने धारणा व्यक्त गरे ।

नगर प्रमुख भिखारी राय यादवले राजदेवी नगरपालिका बाढी प्रभावित क्षेत्र भएकाले सुरक्षित आश्रय स्थल स्थानीय नागरिकका लागि निकै उपयोगी हुने बताए । उनले विपद् को समयमा नागरिकलाई सुरक्षित स्थान उपलब्ध गराउनु स्थानीय सरकारको महत्वपूर्ण दायित्व रहेको उल्लेख गर्दै परियोजनामा सहयोग पुऱ्याउने बेलायत सरकार, रेन परियोजना, पिपुल इन निड नेपाल, डिसिए नेपाल, लिबर्ड नेपाल तथा सम्पूर्ण सहयोगी संस्थाप्रति आभार व्यक्त गरे । उक्त आश्रय स्थल निर्माणका लागि स्थानीयवासी रामसुन्दर कलवार र श्रीमती राजो देवीले निःशुल्क रूपमा जग्गा उपलब्ध गराएका थिए । कार्यक्रममा नगर प्रमुख यादवले जग्गादाताप्रति विशेष धन्यवाद ज्ञापन गरेका थिए ।

दुई तले आरसीसी संरचनामा निर्माण गरिएको उक्त सुरक्षित आश्रय स्थलमा महिला तथा पुरुषका लागि छुट्टाछुट्टै हल, स्तनपान कक्ष, शौचालय, खानेपानी व्यवस्था, खोज तथा उद्धार सामग्री भण्डारण कक्ष लगायतका सुविधा रहेका छन् । विपद्को समयमा करिब २०० जनालाई सुरक्षित रूपमा आश्रय दिन सक्ने क्षमता रहेको उक्त भवन सामान्य अवस्थामा सामुदायिक सभा, तालिम, सामाजिक तथा शैक्षिक गतिविधिका लागि समेत प्रयोग गरिने जनाइएको छ ।

परियोजनाको जानकारी अनुसार सुरक्षित आश्रय स्थल निर्माणमा कुल रु. १ करोड ३८ लाख ४७ हजार ६३ रुपैयाँ ५५ पैसा (भ्याट सहित) खर्च भएको छ । जसमध्ये भवन निर्माणतर्फ रु. १ करोड २७ लाख ३ रुपैयाँ ३९ पैसा तथा खोज उद्धार एवं अन्य व्यवस्थापन सामग्री खरिदतर्फ रु. ११ लाख ४७ हजार ६० रुपैयाँ ११ पैसा खर्च गरिएको बताइएको छ । विपद् जोखिम न्यूनीकरण तथा सुरक्षित आवास व्यवस्थापनलाई प्राथमिकतामा राख्दै निर्माण गरिएको उक्त संरचना राजदेवी नगरपालिकाका नागरिकका लागि दीर्घकालीन रूपमा महत्वपूर्ण उपलब्धि हुने विश्वास व्यक्त गरिएको छ ।

# नगरपालिकाविरुद्ध स्थानीय युवाको प्रदर्शन

**टुडे समाचारदाता**

वीरगञ्ज । स्थानीय युवाहरुले विभिन्न आरोप लगाउँदै पर्साको पोखरिया नगरपालिकाविरुद्ध प्रदर्शन गरेका छन् । सूचना माग्दा उपलब्ध नगराउने, उचित पारिश्रमिक नदिने तथा विभिन्न किसिमका अनियमितता भएको आरोप लगाउँदै उनीहरूले नगरपालिका कार्यालय अगाडि नै विरोध प्रदर्शन गरेका छन् ।

प्रदर्शनमा सहभागी युवाहरूले नगरपालिकाले पारदर्शी ढंगले काम नगरेको आरोप लगाएका छन्। रोजगार तथा विकाससम्बन्धी कार्यक्रममा सहभागी भएका व्यक्तिहरूलाई समयमै तलब तथा भुक्तानी नदिएको उनीहरूको गुनासो छ ।

नगरपालिकाले अवैध तरिकाले कर्मचारी भर्ना गरेको आरोप लगाउँदै प्रत्येक व्यक्तिबाट रकम असुलेर पनि १२ महिनासम्मको तलब नदिएको दाबी गरेका छन् । उनले विभिन्न




आश्वासन दिएर कर्मचारीहरूलाई आर्थिक तथा मानसिक रूपमा विचलित बनाइएको आरोप समेत लगाएका छन् ।

प्रदर्शनकारीहरूले सार्वजनिक सूचना सहज रूपमा उपलब्ध गराउन, बेरुजु तथा खर्च विवरण सार्वजनिक गर्न र युवामैत्री नीति लागू गर्न माग गेरका छन्। नगरप्रमुख र प्रशासनलाई पटक-पटक ध्यानाकर्षण गराउँदा पनि माग सम्बोधन नभएपछि आन्दोलनमा उत्रिन बाध्य भएको उनीहरूको भनाइ छ। केही युवाहरूले नगरपालिकामा योजनाको बजेट वितरणदेखि कर्मचारी व्यवस्थापनसम्म अनियमितता भएको आरोप समेत लगाएका छन्। उनीहरूले आफ्ना माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् । नगरपालिकाका पदाधिकारीहरूले भने युवाहरुले उठाएका विषयबारे छलफल भइरहेको र आवश्यक प्रक्रिया अघि बढाइने बताएका छन् ।

## सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, साँस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# लागू औषधसहित चार पक्राउ

**टुडे समाचारदाता**

राजविराज । राजविराज नगरपालिकाबाट लागु औषध गाँजा सहित चार जनालाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीले पक्राउ परेकाहरूबाट करिब ४६ ग्राम गाँजा बरामद गरेको छ ।प्रहरीले गोप्य सूचनाका आधारमा राजविराज नगरपालिका ११ का ४८ वर्षीय श्याम नारायण यादवको घरबाट गाँजा सहित पाँच जना पक्राउ परेको हो ।

पक्राउ पर्नेमा श्याम नारायण यादव, राजविराज नगरपालिका १ राजदेवी टोलका २४ वर्षीय निरज रजक, राजविराज नगरपालिका ७ का ११ वर्षीय ललित कुमार दास, र राजविराज नगरपालिका १ डुमरी टोलका ४५ वषर्यी हरेराम यादव पक्राउ परेको सप्तरीका प्रहरी प्रवक्ता डम्बरबहादुर पुरीले जानकारी दिएका छन् ।

पक्राउ परेकाहरूको साथबाट ४५ ग्राम ९७० मिलिग्राम गाजा बरामद भएको छ । चारै जना विरुद्ध लागु औषध सम्बन्धी मुद्दा दर्ता गरि सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरि थप अनुसन्धान भइरहेको उनले जनाएको छ ।

# राष्ट्रपति रनिङ शिल्डको उपाधि बर्दिबासलाई

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी आयोजित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि बर्दिबास नगरपालिकाले जित्न सफल भएको छ ।

जिल्ला खेलकुद विकास समिति, महोत्तरीको आयोजनामा शुक्रबारदेखि जलेश्वरस्थित रंगशालामा सुरु भएको प्रतियोगिता आइतबार साँझ सम्पन्न भएको हो । प्रतियोगितामा जिल्लाका आठ वटा पालिकाबाट ७ सयभन्दा बढी खेलाडी सहभागी भएको खेलकुद विकास समिति जलेश्वरका सभापति सत्येन्द्र यादवले जानकारी दिएका छन् ।

उनका अनुसार प्रतियोगितामा एथलेटिक्स, भलिबल, कराते, तेक्वान्दो, कबड्डीलगायतका खेल समावेश थिए । एथलेटिक्सअन्तर्गत १०० मिटर, २०० मिटर, ४०० मिटर, ८०० मिटर, १५०० मिटर तथा ३००० मिटर दौड, हाई



जम्प, लङ जम्प, ट्रिपल जम्प, रिले दौड तथा जेभलिन थ्रोलगायतका प्रतिस्पर्धात्मक विधा सञ्चालन गरिएको थियो । खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गरेको खेलकुद विकास समितिका सचिव सुभाषलाल कर्णले जानकारी दिएका छन् ।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै बर्दिबास नगरपालिकाले प्रथम स्थान हासिल गरी २०८३ सालको राष्ट्रपति रनिङ शिल्ड उपाधि जित्न सफल भएको छ । औरही नगरपालिका दोस्रो तथा गौशाला नगरपालिका तेस्रो भएको सचिव कर्णले बताउनुभयो । उहाँका अनुसार तीनै पालिकाका खेलाडीहरूले उच्च प्रतिस्पर्धा र खेलभावनासहित उत्कृष्ट प्रदर्शन गरेका थिए ।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई मधेश प्रदेशका पूर्वमुख्यमन्त्री तथा एमाले नेता सरोज यादव, खेलकुद विकास समितिका अध्यक्ष सत्येन्द्र यादवलगायतले शिल्ड र प्रमाणपत्र वितरण गरेका छन् ।

सो अवसरमा पूर्वमुख्यमन्त्री सरोज यादवले यस्ता प्रतियोगिताले खेलाडी छनोटमा सहजता ल्याउनुका साथै विद्यार्थीमा खेल भावना विकास गर्न सहयोग पुग्ने बताएका छन् । खेलकुद विकास समितिका अध्यक्ष सत्येन्द्र यादवले प्रतियोगिताले जिल्लामा खेल प्रतिभाको पहिचान, विकास तथा युवाहरूलाई सकारात्मक दिशातर्फ अग्रसर गराउन महत्वपूर्ण योगदान पुऱ्याउने बताए ।

प्रतियोगिताको उद्घाटन सत्रमा महोत्तरीका नौ वर्षीय टेबलटेनिस खेलाडी सामर्थ्य गुप्तालाई प्रमुख अतिथिका रूपमा राखेर समितिले खेलाडीलाई विशेष महत्व दिएको सन्देश दिएको थियो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८